# अध्याय दुई

## २ लोक-सांस्कृतिक अध्ययनको ढाँचा र गद्याख्यान विश्लेषणका आधारहरू

### २.१ 'लोक' शब्दको व्युत्पत्तिगत अर्थ

'लोक' शब्द अङ्ग्रेजीको 'फउक्' (Folk) शब्दको समानार्थी शब्द हो। तुलसी दिवसले जर्मनी भाषामा प्रचलित 'फॅल्क्' (Volk) शब्द नै कालान्तरमा आयङ्ग्लउ सेक्शअन्-मा 'फॅल्क्' (Folc) भई अङ्ग्रेजीमा 'फउक्' (Folk) हुन आएको हो र अङ्ग्रेजीमा 'फउक्' शब्दले जाति, राष्ट्र, लोक, सर्वसाधारण जनता अर्थात् वर्गविशेषका विभिन्न अर्थ बोध गराउँछ। आयङ्ग्लउ-भाषी प्रयोगअनुसार 'फउक्' असंस्कृत समाज र जातिको प्रतीक हो' भनेर लेखेका छन्।[१] आदिम, सरल, ग्रामीण तथा सभ्य समाजभन्दा भिन्न सामाजिक समूहलाई 'फउक्' वा 'लोक' भन्ने परम्परित धारणा छ। तर जर्ज एम फॅस्ट्रले 'लोक' शब्दको सामान्य अर्थ न 'आदिम' न आधुनिक संस्कृतिमा एकीकृत हुनुको अर्थमा 'सभ्य' शब्द नै हो, लोक गैर-आदिम तर अपेक्षाकृत आधुनिक उद्योग र सभ्यताबाट छिटो प्रभावित हुने सरल संस्कृति भएका मानिसहरूको समुदाय हो भनेका छन्।[२] अझै तुलसी दिवसले नेपाली साहित्यमा पहिलो पटक 'लोकवार्ता' शब्द प्रयोग गर्दै लोक शब्दका विविधता बारेमा लेख्छन्- "आज भोलि लोकवार्ता, लोकसाहित्य, लोकसंस्कृति, लोकगीत, लोकगाथा आदि शब्दहरूमा प्रयुक्त लोकले साधारण जनमानसमा पूर्वसञ्चित परम्परागत भावना, रीतिरिबाज, आस्था, विश्वास, धार्मिक प्रचलन, यथार्थ, आदर्श जीवनपद्धति, मूढाग्रहहरूलाई संयुक्त रूपले संकेत गर्दछ।"[३] उपर्युक्त विविध आधारमा 'फउक्' वा 'लोक' शब्दको सङ्कुचित र विस्तृत दुवै अर्थ प्रकट हुँदछ।

संस्कृत वाङ्मयमा 'लोक' आदिकालदेखि प्रचलनमा आएको संस्कृत शब्द हो। **सिद्धांत कौमुदी** मा 'लोक' शब्द लोक् दर्शने धातुमा 'घञ' प्रत्यय लागेर व्युत्पत्ति भएको मानिएको छ[४] भने विष्णुराज आत्रेयले पाणिनीय व्याकरणको 'लोक्यते इति' 'लोकृ=दर्शने' धातुबाट निष्पन्न भएको मानेका छन्। 'लोकृ

---

[१] तुलसी दिवस, वि सं २०२४, 'लोकवार्ता : गतिशील वैज्ञानिक शास्त्र', **हाम्रो संस्कृति**, वर्ष १, अङ्क ३, काठमाडौं, पृ ८२

[२] जर्ज एम फॅस्ट्र, अप्रिल - जून, १९५३,'ह्वाट इज फउक् कऽल्चर्?', https://www.jstor.org/stable , २९ जुलाई २०२०

[३] तुलसी दिवस, **हाम्रो संस्कृति**, पूर्ववत्, पृ ८२

[४] **सिद्धांत कौमुदी**, बम्बई, वेंकटेश प्रेस्, पृ ४१७

दर्शने' धातुको अर्थ हेर्नु हुन आउँछ। यसै धातुबाट निर्मित 'लोक्यते' शब्दले 'हेर्ने वाला' अर्थात् जो देखिन्छ, त्यो लोक हो भन्ने अर्थ बुझिन्छ। **पुराण** र **गीता** मा लोक नश्वर र परिवर्तनशील छ भनी स्वीकार गरिएको छ। बौद्धधर्ममा पनि लोकलाई 'मानव' शब्दद्वारा भूषित गरी क्षणिकतालाई सङ्केत गरिएको छ। पूर्वीय वाङ्मयमा लोकलाई ठोस भौतिक अस्तित्व भएको पदार्थका रूपमा चिनाउने प्रयत्न गरेको भेटिन्छ। **ऋग्वेद** मा 'देहीलोकम्' स्थान विशेषको अर्थमा प्रयोग भएको पाइन्छ।

वेदकै दार्शनिक व्याख्याका लागि लेखिएको **उपनिषद्** मा लोकलाई 'इहलोक' र 'परलोक'-मा बाँडिएको छ। हिन्दू इतिहास ग्रन्थ **विष्णुपुराण** मा पृथ्वीको सतहमाथि (भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपोलोक औ ब्रह्मलोक) र मुनि (अतल, वितल, सतल, रसातल, तलातल, महातल औ पातल) गरी अझ चौध लोकको कल्पना गरिएको छ। **अष्टाध्यायी** (५/१/४४) मा पाणिनिले लोक र सर्वलोकको चर्चा गरेका छन्।

वर्तमानमा पाश्चात्य र पूर्वीय दुवैतिर 'लोक' शब्दलाई सामान्य र विशिष्ट दुवै अर्थमा ग्रहण गरिएको भेटिन्छ। चूडामणि बन्धुले 'लोक' शब्दले गाउँ र सहर दुवैलाई बुझाउँछ भनेका छन्।[५] अलान डुन्डेसका अनुसार 'लोक' भन्नाले मानिसहरूको त्यो समूह हो, जो कम्तीमा एउटा साझा विशेषता तथा माध्यमले एउटै समूहमा बाँधिएका हुन्छन्। यस्ता साझा विशेषता तथा माध्यमका रूपमा कुनै भाषा, धर्म तथा व्यवसाय जे पनि हुन सक्छ तर जुनै माध्यमले बाँधिए पनि उनीहरूले आफ्नो भन्न सक्ने मौलिक परम्परा भने विकसित गरेको हुनुपर्छ, जसले उनीहरूमा सामूहिक चिनारीका भावना अभिर्भाव गराउँछ।[६] लोक-सांस्कृतिक अध्ययनका क्षेत्रमा प्रयुक्त 'लोक' भन्नाले कृषिजीवी, खटिखाने एउटा निर्दिष्ट भूगोलमा बसोवास गरी एकै प्रकारको अर्थोपार्जन पद्धति र एकै प्रकारका रीतिरिबाज, लोकविश्वास, रहनसहन, चाडपर्व आदि पालन गरी यस्ता कुनै न कुनै माध्यमले बाँधिएर मौलिक रूपमा बाँच्दै आएका मानिसहरूको समूह बुझिन्छ। यसै आधार र पृष्ठभूमिमा इन्द्रबहादुर राईका आलोच्य गद्याख्यानसम्बद्ध 'लोक' र तिनको सांस्कृतिक वैशिष्ट्यहरूको अध्ययन नै शोध क्षेत्रअन्तर्गतको केन्द्रीय विषय हो।

---

[५] चूडामणि बन्धु, वि सं २०६६, **नेपाली लोकसाहित्य**, दोस्रो संस्करण, काठमाडौं, एकता बुक्स् प्रा लि, पृ १३

[६] ज्ञानेन्द्र सुब्बा, फेब्रुअरी २०१३, 'नेपाली लोकवार्ता : अध्ययनहरू', पुष्कर पराजुली (सम्पा), **नेपाली लोकवार्ता अध्ययनहरू**, रेजिस्ट्रार, उ ब वि, पृ १६

## २.२ 'संस्कृति' शब्दको व्युत्पत्तिगत अर्थ र परिचय

'संस्कृति' तत्सम शब्द हो। 'कृ' धातुमा 'सम्' उपसर्ग र 'क्तिन्' प्रत्यय लागेर संस्कृति शब्दको व्युत्पादन भएको उल्लेख पाइन्छ[७] जसअनुसार 'सम्'-को अर्थ परिष्कृत र पूर्णता अनि 'कृति'-को अर्थ सिर्जना वा चेष्टा हुन्छ। यसैले संस्कृतिको व्युत्पत्तिगत अर्थ शुद्ध तथा परिष्कृत पारिएको पूर्ण सिर्जना वा मानवीय चेष्टा हो। **भारतीय संस्कृति** (सन् १९५१) पुस्तकमा संस्कृतिलाई परम्पराको पर्याय र 'सिकिएका समस्त व्यवहार' भनी अर्थ्याइएको छ।[८] यसै गरी **नेपाली बृहत् शब्दकोश** (वि सं २०६७) मा यसलाई 'कुनै वस्तुको, कुनै व्यवहार र कुनै राष्ट्र, जाति, धर्म, सामाजिक जीवन प्रणाली, राजनीति, अर्थ व्यवस्था, कलाकौशल, बौद्धिक तथा प्राज्ञिक आचरणमा प्रकट हुने क्रियाकलापको परिष्कृत रूप' भनी परिभाषित गरिएको छ।[९] यसरी संस्कृतिका विविध अर्थहरू प्रकट भए पनि यसको वास्तविक तात्पर्य चाहिँ व्यक्ति, समूह वा जातिसित जोडेपछि मात्र खुल्छ भन्ने विद्वान्हरूको भनाइ छ।[१०]

संस्कृति शब्द 'संस्कार' बाट विकसित भएको मानिन्छ। 'संस्कार'-को तात्पर्य एकातिर 'सम्यक्' (राम्रो) र 'कृति' (रचना)-लाई जनाउँछ भने अर्कोतिर कुनै पनि वस्तुलाई स्वच्छ र सुन्दर एवम् उन्नत बनाउनु हो भन्ने बुझाउँछ। लक्ष्मीकान्त शर्मा लेख्छन्- "हाम्रा ती सबै आचारविचार, रचनात्मक क्रियाकलाप र आस्था मान्यता तब मात्र संस्कृति बन्न पुग्छन् जब तिनीहरू संस्कारित भएर 'सत्यं, शिवं र सौन्दर्य' द्वारा आवेष्टित हुन्छन् र जीवनलाई उदात्त बनाउनमा सहयोगी बन्छन्। यसैले आन्तरिकता र आध्यात्मिकतालाई संस्कृति भनिन्छ।"[११] यसै गरी संस्कृति र सभ्यताबिच पनि अन्योन्य सम्बन्ध रहेको मानिन्छ, किनभने सभ्यतासँगको सम्बन्धबाट नै संस्कृतिको निर्माण र विकास हुन्छ।

सभ्यता मानिसको बाह्य वा शारीरिक विकासको भौतिकसूचक हो भने संस्कृति आन्तरिक वा आध्यात्मिक शक्तिको बौद्धिक विकास हो। कतिपयले सभ्यतालाई शरीरको आभूषण र संस्कृतिलाई आत्माको शृङ्गार मानेका छन्। सभ्यता परिवर्तनशील र भौतिक हुन्छ, संस्कृति शाश्वत र निश्चल हुन्छ तापनि सभ्यता र संस्कृति एउटै सिक्काको दुई पाटा हुन्, किनभने दुवैको बीज संस्कार हो र दुवै नै

---

[७] प्रेमकुमार खत्री, वि सं २०७४, **अमूर्त सम्पदा र समुदाय चर्चा अन्तर्सम्बन्धको**, काठमाडौं, ने रा प्र प्र, पृ २७०

[८] देवराज, सन् १९६१, **भारतीय संस्कृति,** उत्तर प्रदेश, प्रकाशन शाखा, सूचना विभाग, पृ २०

[९] वासुदेव त्रिपाठी र अन्य (सम्पा), वि सं २०६७, **नेपाली बृहत् शब्दकोश**, सातौं संस्करण, काठमाडौं, ने प्र प्र, पृ १२०९

[१०] गङ्गाप्रसाद भट्टराई, सन् २०१७, **लोकायन**, खरसाङ, शिवकुमार राई स्मृति अकादमी, पृ ७३

[११] लक्ष्मीकान्त शर्मा, सन् १९८४, 'नेपाली संस्कृति : स्रोत र गठन', रामलाल अधिकारी र अन्य (सम्पा), **दियालो**, वाङ्मय विशेषाङ्क, वर्ष २२, हाँगो १००, दार्जिलिङ, ने सा स, पृ २५५

संस्कारभित्रै पर्छन्। सभ्य र सुसंस्कृत हुनाका लागि पर्याप्त भौतिक सुख र समुन्नति मात्र भएर पुग्दैन, आध्यात्मिक शक्ति र बौद्धिक समृद्धिको पनि त्यत्तिकै आवश्यकता पर्दछ। यसैले सभ्यता र संस्कृति दुवै मानव जीवनका ऐच्छिक तत्त्वहरू हुन्। 'संस्कृति' अङ्ग्रेजी भाषाको 'कऽल्चर्' (culture)- शब्दको समानार्थी शब्द हो। 'कऽल्चर्' लाय्टिन् भाषाको 'कऽल्तुरा'(cultura) शब्दबाट व्युत्पन्न भई आएको हो र यसको सोझो अर्थ पशुपालन र कृषि-कर्म भए पनि लाक्षणिक अर्थ मानिसको सभ्यता वा परिष्कार नै हो भन्ने बुझिन्छ। बाबुराम आचार्यले अङ्ग्रेजी भाषामा 'कऽल्चर्' शब्द प्रायः देशगत वा जातिगत वैचारिक वैशिष्ट्यको अर्थमा पनि प्रयोग भएको पाइन्छ। संस्कृत भाषामा परिष्कृतको अर्थमा 'संस्कृत' शब्द प्राचीनकालदेखि नै प्रचलित रहँदै आएको छ। तर यसबाट वैशिष्ट्यको भाव नआउने हुनाले वर्तमान समयमा अङ्ग्रेजी भाषामा प्रयोग हुने 'कऽल्चर्' शब्दको अर्थमा 'संस्कृति' शब्दलाई भारतीय भाषाहरूमा प्रचलनमा ल्याइएको देखिन्छ। मानसिक चिन्तनबाट जति पनि दृश्य वा अदृश्य वस्तु वा भावहरू पैदा हुन्छन् ती सबै 'कऽल्चर्' का रूपमा परिभाषित हुन्छन् भनी लेख्छन्।[१२]


संरचनावादी लेभी-स्ट्रस (१९०८-२००९) ले संस्कृतिलाई तार्किक एवम् अवचैतनिक विचारहरूको व्यवस्था हो भन्ने विचार राखेको पाइन्छ। मानवशास्त्री मालिनोस्कीले मानव संस्कृतिलाई आवश्यकतापूर्तिको साधन मानेका छन्। सर एडवर्ड बी टेलर्का अनुसार समाज अनि समाजमा अन्तर्भुक्त व्यक्तिहरूको नानावली विषयहरूको एउटा मिश्र एवम् जटिल रूप नै संस्कृति हो।[१३] इन्द्रबहादुर राईका विचारमा संस्कृतिको अर्थ अभिव्यक्ति हो। हाम्रा कला, अध्यात्म, रीतिथिति, घरका बनौट र भाँडाकुँडा, लेखाइ, विचार, दैनिक व्यवहारका ती सबै कुरा रचनात्मक माध्यम पाएर अभिव्यक्ति हुन्छ।[१४] संस्कृति र समाजका विकासमा भूगोलको पनि भूमिका हुन्छ। अर्थात्, 'कुनै निश्चित भूभागमा स्थायी बसोवास गरी जीविकोपार्जनका विविध व्यवसाय र बाह्य वातावरणसित अटुट सङ्घर्ष गर्दै एक निश्चित स्थितिमा पुगेपछि मानव संस्कृतिका भौतिक-अभौतिक तथा मूर्त-अमूर्त/अस्पृश्य वा tangible/intangible) पक्षको विकास हुन थाल्छ।'[१५] यसअनुसार नेपाली संस्कृतिलाई स्पृश्य र अस्पृश्य दुईवटा भागमा वर्गीकरण गरेर तल दिइएको तालिकाअनुसार सहज हुने गरी दर्साउन सकिन्छ-

[१२] बाबुराम आचार्य, वि सं २०५४, **नेपालको सांस्कृतिक परम्परा**, नेपाल, श्रीकृष्ण आचार्य, पृ १

[१३] दिलकुमार प्रधान, सन् २०२०, **लोकविश्वास**, गेजिङ, पश्चिम सिक्किम साहित्य प्रकाशन, पृ ९१

[१४] इन्द्रबहादुर राई, सन् १९६६, **टिपेका टिप्पणीहरू**, दार्जिलिङ, ने सा प प्र, पृ १३०

[१५] प्रेमकुमार खत्री, **अमूर्त सम्पदा र समुदाय चर्चा अन्तर्सम्बन्धको**, पूर्ववत्, पृ १२




रेखा चित्र १

कतिपय संस्कृतिविद्हरूले उक्त स्पृश्य र अस्पृश्य सांस्कृतिक सम्पदालाई आस्था-अनुष्ठानमूलक, जीविकोपार्जनमूलक र मनोरञ्जनमूलक गरी तीनवटा क्षेत्रमा बाँडेर अध्ययन गर्नु अझ उपयोगी हुनेछ भनेका छन्।[१६] उपर्युक्त अवधारणाअनुरूप इन्द्रबहादुर राईका गद्याख्यानमा प्रयुक्त सांस्कृतिक सन्दर्भहरूको अध्ययन गर्नु प्रासङ्गिक हुनेछ।

## २.३ लोक-सांस्कृतिक अध्ययनको स्वरूप र परिचय

लोक-संस्कृति 'संस्कृति'-को अघि 'लोक' विशेषण लागेर बनेको पारिभाषिक शब्दावली हो। लोक र संस्कृतिको योग भएपछि यसले लोकद्वारा सिर्जित संस्कृति भन्ने अर्थ दिन्छ। यसैले लोक-संस्कृति लोकसँग सम्बन्धित हुन्छ। तापनि लोक र संस्कृति भिन्नाभिन्नै तर सम्मिलित शब्दहरू हुन्। यसैले लोक र संस्कृति दही र घिउको समान एकअर्काको पूरक रहेको हुन्छ। संस्कृतिले लोकबाट आधार ग्रहण गर्छ भने लोक स्वतन्त्र र पूर्ण हुन्छ। तर लोकलाई भावात्मक रूपमा बाँध्ने काम संस्कृतिले नै गर्छ। साथै संस्कृतिलाई भौतिक स्वरूप दिने काम लोकले गरेको हुन्छ। जुन संस्कारसँग संस्कृति जोडिएको छ त्यसको पोषण गर्ने काम लोकले गरेको देखिन्छ। यसर्थ लोक र संस्कृतिमाझ कतिपय वैभिन्न भए पनि दुवैका अस्तित्व

[१६]भक्त राई, वि सं २०७५, 'किरात राई जातिमा प्रचलित अमूर्त संस्कृति', भवेश्वर पंगेनी (सम्पा), **प्रज्ञा लोकवार्ता विवेचना**, काठमाडौं, ने प्र प्र, पृ २२५

एकअर्कामा अडेकाले लोकसँग जे जति सम्बन्धित प्रसङ्गहरू आउँछन् ती सबै लोक-संस्कृतिअन्तर्गत पर्दछन्। कतिपय विद्वान्का विचारमा सिक्दै जानु र ग्रहण गर्दै जानु नै संस्कृति हुनाले लोकले सिकेको र ग्रहण गरेको लोकाचार, रीतिथिति, प्रथा आदि प्रत्येक समाज र जनमानसमा प्रचलित हुन्छ। यिनै मान्यता, विश्वास नै लोक-संस्कृति हो।[१७] यसैले लोकजीवन, लोकाचरण, लोकमूल्य, लोकसाहित्य तथा लोककला सबै लोक-संस्कृतिका अंश हुनाले यसमा व्यक्तिको अतिरिक्त समुदायको भाव परिलक्षित हुन्छ। लोक-संस्कृति व्यक्तिको लोकसंस्कारमा आश्रित हुन्छ, किनभने यसमा व्यक्तिको नभई समुदायको हित सर्वोपरी हुन्छ। यही नै संस्कृति र लोक-संस्कृतिबिच पाइने अन्तर हो, तथापि संस्कृतिअन्तर्गत लोक-संस्कृति कुनै न कुनै रूपमा अभिव्यक्त भएकै हुन्छ। भारतीय संस्कृतिमा 'जो ब्रह्माण्डमा छ त्यो पिण्डमा छ, जो पिण्डमा छ त्यो ब्राह्मण्डमा छ' भनिएको छ। यसैले संस्कृतिमा लोकदृष्टि आवश्यक मानिएको छ। भारतीय विद्वान्हरूले लोक-संस्कृतिलाई भारतीय जीवनका विभिन्न स्रोतहरूको उद्गम स्थल मानेका छन्। संस्कृतिको संस्करण वा संस्कारको भावार्थ संस्कृति हो, तैपनि भारतीय संस्कृति लोक-संस्कृतिकै माध्यमबाट विकसित भएको निश्चित छ।

बिसौं शताब्दीमा लोक-सांस्कृतिक अवधारणालाई खेती किसानसँग जोडेर हेर्ने गरिएको पाइन्छ। यस अवधारणाको प्रतिपादन गर्ने समाजविज्ञानी रबर्ट रेडफिल्ड पहिलो व्यक्ति हुन्। उनको **द फउक् कऽल्चर् ॲभ् यूक्टेन** (सन् १९४२) नामक पुस्तकमा सर्वप्रथम लोक-संस्कृतिको अवधारणा प्रस्तुत गर्ने पहल गरिएको भेटिन्छ। रेडफिल्डले आरम्भमा लोकसमाजको अवधारणाका निम्ति 'कृषक संस्कृति' शब्द प्रयोग गरेका थिए। केही समयपछि जर्ज एम फॅस्टर्ले ग्रामीण विशेषताहरूले युक्त संस्कृतिलाई लोक-संस्कृतिको नामले सम्बोधन गर्न पुगे। उनले लोक-संस्कृतिलाई जीवनको एक सामान्य तरिका हो भनेका छन्।[१८]


थोमस एन ग्रीनले **फउक्लॅःर् - एन्साइक्लपीडिअ** (सन् १९९७) पुस्तकमा मानिसले सिकेका व्यवहार, विश्वास, कला, संस्कार एवम् संस्था वा विशेष समूहका अभिव्यक्तिलाई कसरी व्यक्त गर्न सकिन्छ त्यसै सन्दर्भमा लोक-संस्कृतिलाई परिभाषित गर्न सकिन्छ भन्ने धारणा राखेका छन्। लोक-संस्कृतिको वृत्त र वितान विस्तृत छ। यसैले लोक-संस्कृतिलाई परिभाषामा बाँध्नु सजिलो काम होइन। तथापि विभिन्न

[१७] राधा शर्मा, वि सं, २०७८, 'दार्जीलिङको लौकिक जीवन-एक अवलोकन', भक्त राई (सम्पा), **नेपाली लोकवार्ता** भाग ८, काठमाडौं, लोकवार्ता परिषद्, नेपाल, पृ ४५२

[१८] जर्ज एम फॅस्टर्, 'ह्वाट इज फउक् कऽल्चर्?', पूर्ववत् https://www.jstor.org/stable

समयमा लोक-संस्कृतिका विषयमा विद्वान्हरूले दिएका परिभाषाहरूको मनन गरी त्यस आधारमा आख्यानमा प्रयुक्त लोक-सांस्कृतिक पक्षको अध्ययन गर्नु सान्दर्भिक हुनेछ।

वास्तवमा लोकको सामान्य र संस्कृतिको विशेष आपस्तमा मेल भई लोकको सहजता र संस्कृतिको परिष्कारद्वारा (सत्यं, शिवं र सुन्दरम्) निर्मित आदर्श संस्कृति नै लोक-संस्कृति हो। संस्कृतिको उद्गम स्रोत नै लोकजीवन हो। त्यसैले लोकजीवनको यापन गर्ने संस्कारजन्य परिमार्जित जीवनपद्धतिलाई लोक-संस्कृतिको अर्थमा परिभाषित गर्न सकिन्छ। लोक-संस्कृतिको स्वरूपबारे बुझ्ने क्रममा अन्य ज्ञानानुशासनसँग लोक-संस्कृतिको के कस्तो सम्बन्ध छ त्यसको निर्क्योलका लागि तल दिइएको चित्रमा राखेर चर्चा गर्न सकिन्छ-




आरेख चित्र २

### २.३.१ लोकवार्ताको अङ्गका रूपमा लोक-संस्कृति

अङ्ग्रेजीमा प्रचलित 'फउक्लॅ:र्'-को समानार्थी शब्दलाई लिएर हिन्दी र नेपाली भाषा-साहित्यमा देखा परेका मदभेदबारे जानकारी हुनु आवश्यक छ। 'फउक्लॅ:र्' शब्दको पहिलो प्रयोक्ता जर्मन पुरातात्त्विक वेत्ता जॅन् डब्अल्यू थउमस् हुन्। 'एथानियम' पत्रिका (सन् १८४६) मा सर्वप्रथम उनले लोकप्रिय पुरातत्त्व सामग्रीलाई बुझाउन 'फउक्लॅ:र्' जस्तो पारिभाषिक शब्द प्रयोग गरेका थिए। उन्नाइसौं शताब्दीको पूर्वार्द्धसम्म लोकजीवनको अनुशीलन गर्ने शास्त्रलाई 'पॅप्युलर् आयन्टिक्विटिज्' भन्ने गरिन्थ्यो भनेर रिचर्ड एम डोर्सनले **फउक्लॅ:र् आयन्ड् फउक्लाइफ् स्टऽडि** पुस्तकमा उल्लेख गरेका छन्।[११] त्यससमय

[११] रिचर्ड एम डोर्सन, सन् १९७२, **फउक्लॅ:र् आयन्ड् फउक्लाइफ् स्टऽडि**, लऽन्डन, यूनिभ:सिटि ऑभ् सिकागो प्रेस्, पृ १

‘फउक्‌लॅःर्‌’- को पर्यायवाची शब्दले विगत, लोकप्रिय पुरावशेष, उत्तरजीविता भन्ने अवधारणालाई सङ्केत गरेको थियो। कालान्तरमा ‘फउक्‌लॅःर्‌’-को अर्थ सरल, अशिक्षित, ग्रामीण, प्रकृतिको नजिक रहेको समूहलाई बुझाउने क्रममा नवीन धारणा विकसित भएको हो भनी डोर्सनले **कऽरन्ट्‌ फउक्‌लॅःर्‌ थिअरिस्‌, कऽरन्ट्‌ आयन्‌थ्रपॅलजि** पुस्तकमा थप उल्लेख गरेका छन्‌।[२०] यस दृष्टिले सरल, ग्रामीण, प्रकृतिको नजिक रहेका समूहको रीतिरिबाज, लोकविश्वास, रहनसहन, कलाशिल्प बारेमा अध्ययन गर्ने विधालाई ‘फउक्‌लॅःर्‌’-का रूपमा सर्वसम्मत प्रचलनमा आएको तथ्य स्वीकार्य छ।

नेपाली र हिन्दी भाषा-साहित्यमा ‘फउक्‌लॅःर्‌’-को समानार्थी शब्दलाई लिएर विभिन्न मतभेद रहेका पाइन्छन्‌। ‘फउक्‌लॅःर्‌’-को समानार्थी शब्दका निम्ति लोक-संस्कृति र लोकवार्ता दुवै पदावली प्रयोग गर्ने परम्परा छ। एक पक्षीय विद्वान्‌हरूमध्ये चूडामणि बन्धु लोक-संस्कृति शब्दले संस्कृतिकै विविध रूपमध्ये एक थरी रूपलाई जनाउने हुनाले ज्ञानको क्षेत्रलाई समुचित रूपमा समेट्न सक्ने शब्द भनेको लोकवार्ता नै हो भनी ‘फउक्‌लॅःर्‌’-को समानार्थी शब्द लोकवार्तालाई मान्ने पक्षमा छन्‌।[२१] दोस्रो पक्षीय विद्वान्‌हरूमध्ये कृष्णदेव उपाध्याय कुनै पनि नवनिर्मित शब्द अव्याप्ति तथा अवाचक दोषरहित हुनुपर्छ। यसैले लोक-संस्कृति शब्दावलीले ‘फउक्‌लॅःर्‌’ शब्दको व्यापक तथा विस्तृत अर्थ प्रकाशित गर्छ भनी ‘फउक्‌लॅःर्‌’-का निम्ति लोक-संस्कृति शब्दलाई नै ग्रहण गर्न समीचीन हुन्छ भन्ने मत प्रस्तुत गर्छन्‌।[२२] विशेष गरी नेपाली र हिन्दी साहित्यमा ‘फउक्‌लॅःर्‌’-को समानार्थी शब्दलाई लिएर देखापरेको विवादको मूल कारण ‘लॅःर्‌’ र ‘वार्ता’ शब्दका बिचको मतभिन्नता नै हो।

‘लॅःर्‌’ (Lore) शब्दको उत्पत्ति आयङ्‌ग्लउ सेक्‌श्‌अन्‌ ‘लॅःर्‌’ (Lar) बाट भएको हो। ‘लॅःर्‌’ शब्दको अर्थ सिक्नुपर्ने ज्ञान नँलेज्‌ (Knowledge) तथा विद्या (Learning) हुन्छ। यसैले ‘फउक्‌लॅःर्‌’-को शाब्दिक अर्थ ‘असंस्कृत लोकसम्बद्ध ज्ञान’ हुन्छ। बन्धुले वार्ताको अर्थ ‘ज्ञान अथवा सिक्नुपर्ने कुरा’ भनी मानेका छन्‌।[२३] सत्येन्द्र ‘फउक्‌लॅःर्‌’-को प्रचलित अर्थ लोकको साहित्य, ग्रामीण किस्सा भएकाले यसको

---

[२०] रिचर्ड एम डोर्सन, सन्‌ १९६३, **कऽरन्ट्‌ फउक्‌लॅःर्‌ थिअरिस्‌, कऽरन्ट्‌ आयन्‌थ्रपॅलजि**, भाग ४, अङ्क १, सिकागो, यूनिभःसिटि अॅभ्‌ सिकागो, पृ ११

[२१] चूडामणि बन्धु, वि सं २०७६, ‘लोकवार्ता, लोक साहित्य, लोक भाषा, लोक मन्त्र र चुट्किला’, माधव प्रसाद पोखरेल (सम्पा), **जगदम्बा नेपाली साहित्यको बृहत्‌ इतिहास**, दोस्रो ठेली, ललितपुर, कमलमणि प्रकाशन, पृ ९

[२२] कृष्णदेव उपाध्याय, सन्‌ २०१९, **लोक संस्कृति की रूपरेखा**, प्रयागराज, लोकभारती प्रकाशन, पृ २१

[२३] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, पूर्ववत्‌, पृ १३

अर्थ लोकको वार्ता हुन्छ[२४] भन्छन्। श्याम परामरका विचारमा 'फउक्लॅःर्'-ले भन्दा पनि अधिक विस्तृत भावको अर्थ लोकवार्ता शब्दले दिन्छ।[२५] 'फउक्लॅःर्'-का निम्ति लोकवार्ता शब्द प्रचार गर्ने पहिलो भारतीय विद्वान् वासुदेवशरण अग्रवाल हुन्। वासुदेवशरण अग्रवाल लेख्छन्- "लोकवार्ता एउटा जीवित शास्त्र हो। जति लोकको जीवन छ त्यति नै लोकवार्ताको विस्तार र व्यापकता छ। लोकमा बस्ने जन (मानिस) को भूमि र भौतिक जीवन अनि उनीहरूको संस्कृति - यी तीन भौतिक पक्षहरूमा लोकको सम्पूर्ण ज्ञानराशि अन्तर्निहित हुन्छन्।"[२६]

यति हुँदाहुँदै पनि 'लॅःर्'-को समानार्थी शब्द वार्ता हुन सक्दैन भन्ने एक थरीका विद्वान्हरूको तर्क पनि नपाइने होइन। 'लॅःर्'-का निम्ति वार्ता प्रतिशब्द हुँदैन भन्ने प्रबल विरोधी भारतीय लोक-संस्कृतिविद् कृष्णदेव उपाध्याय नै हुन्। तिनले द्वारिकाप्रसादको **संस्कृत शब्दार्थ कौस्तुभ** मा र आप्टेको **संस्कृत-हिन्दी शब्दकोश** मा पाइने वार्ताको अर्थ 'प्रवाद', 'अफवाह' वा 'किंवदन्ती', 'पॅप्युलर् रिपॅःट्' वा 'पऽब्लिक् ह्यूमर्'-लाई अघि सारेर लोकवार्ता शब्दमा अतिव्याप्ति दोष छ; यसो हुँदा यसलाई ग्रहण गर्नु समीचीन छैन, लोकवार्ता शब्दले धैरैभन्दा धैरै लोककथा वा लोक चर्चाको भावलाई मात्र वहन गर्छ भनी 'फउक्लॅःर्'-का निम्ति लोक-संस्कृति प्रतिशब्द उपयुक्त र समीचीन छ भन्ने विचार व्यक्त गरेका छन्।[२७] संस्कृत वाङ्मयमा वार्ता शब्दको प्रयोग साहित्येतर विधाका निम्ति प्रयोग गरिन्छ भन्ने उपाध्यायको निर्क्योल छ। दृष्टान्तका रूपमा कौटिल्यले 'अर्थशास्त्र' तथा 'राजनीतिशास्त्र' र भगवान् मनुले मानिसका चारवटा विद्यामध्ये 'ईकनॅमिक्स्'-लाई वार्ता भनी प्रचलनमा ल्याएको कुरो **लोक संस्कृति की रूपरेखा** पुस्तकमा उल्लेख गरिएको छ। उक्त पुस्तकमा कृष्णानन्द गुप्तले सर्वप्रथम 'आयन्थ्रपॅलजि'-का निम्ति 'लोक वार्ताशास्त्र' शब्द प्रयोग गरिएको बारेमा चर्चा गरेका छन्। यसरी हेर्दा संस्कृत वाङ्गमयमा अघिदेखि नै वार्ता शब्द विभिन्न अर्थमा प्रयोग हुँदै आएको तथ्य बुझ्न सकिन्छ।

नेपाली साहित्यमा 'फउक्लॅःर्'-लाई लोकवार्ता र लोक-संस्कृति दुवै भन्न रुचाए पनि लोकवार्ता शब्द प्रयोग गर्ने पहिलो नेपाली लोकवार्ताविद् तुलसी दिवस हुन् भन्ने कुरा चूडामणि बन्धु र तेजप्रसाद श्रेष्ठले उल्लेख गरेका प्रसङ्गबाट थाहा पाइन्छ। श्रेष्ठले सत्यमोहन जोशी, धर्मराज थापा आदि विद्वान्हरूले

[२४] सत्येन्द्र, सन् २००६, **लोक साहित्य विज्ञान**, दोस्रो संस्करण, जोधपुर, राजस्थानी ग्रन्थागार, पृ ३

[२५] श्याम परमार, सन् १९५४, **भारतीय लोक-साहित्य**, बम्बई, राजकमल पऽब्लिकेइश्अन्स् लिमिटिड्, पृ १३

[२६] धर्मराज थापा र हंसपुरे सुवेदी, सन् १९८५,**नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं, पाठ्यक्रम विकास केन्द्र, त्रि वि, पृ ६

[२७] कृष्णदेव उपाध्याय, **लोक संस्कृति की रूपरेखा**, पूर्ववत्, पृ २५

'फउक्लॅःर्'-को समानार्थी शब्दका रूपमा लोक-संस्कृतिको प्रयोग गर्दै आएका कुरालाई अघि सारेका छन्।[२८] नेपालीमा धेरैले लोकवार्ता र लोक-संस्कृतिलाई एउटै अर्थमा प्रयोग गरेको भेटिन्छ। यसका पछाडिका धर्मराज थापा र हंसपुरे सुवेदीले दुईवटा कारण उद्धृत गरेका छन्- "पहिलो कारण, नेपाली वाङ्गमय साहित्यमा 'फउक्लॅःर्' तथा 'फउक् कऽल्चर्' शब्दको व्यापक चर्चा-परिचर्चा र विवेचना नहुनु; दोस्रो कारण, 'फउक्लॅःर्'-को प्रतिशब्दका रूपमा नेपाली लोकव्यवहारमा लोक-संस्कृति शब्दलाई नै समाजले रुचाउनु हो।"[२९] यसरी नै चूडामणि बन्धुले लोकवार्ताको अर्को नाम लोकसंस्कृति हो[३०] भन्छन्। धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार लोकवार्ताको वर्गीकरण विषयमा र विश्लेषण प्रसङ्गमा चाहिँ विवाद हुनसक्तछ, तर मूलभूत विषय र क्षेत्र चाहिँ निर्विवाद छ- एउटै हो। यसको महत्त्व र व्यापकताको सम्बन्धमा पनि खास विवाद छैन भन्ने धारणा पनि चलेको छ।[३१] यसबाट नेपाली साहित्यमा 'फउक्लॅःर्'-का निम्ति लोक-संस्कृति र लोकवार्ता दुवै प्रयोग गर्न सकिन्छ भन्ने कुरो स्पष्ट हुन् आउँछ र साथै यसका प्रवृत्ति, विषयक्षेत्र, महत्त्व, वित्त र वितानमा पनि समानता रहेको कुरो थाहा पाउन सकिन्छ।

यसो भए पनि सीमा कुरियनका अनुसार संस्कृति कुनै पनि राष्ट्रको चेतना हो, लोकको समग्र जीवनशैली र आत्मा हो। संस्कृतिको अघिल्तिर लोक शब्द जोडेर लोक-संस्कृति शब्द निर्माण भएको छ। यसैले सीमा कुरियनले लोक-संस्कृति शब्द अङ्ग्रेजी शब्द फउक् कऽल्चर्को रूपान्तर हो भनेकी छिन्।[३२] लोकगीतका लागि फउक् सॅङ्, लोककथाका निम्ति फउक्  टेइल् -जस्ता शब्दहरू बनेका छन्; यसैले लोक-संस्कृतिका निम्ति अङ्ग्रेजीको फउक् कऽल्चर् शब्द छ भनी नृपेन्द्रप्रसाद वर्माले आफ्नो विचार व्यक्त गरेका छन्।[३३] माथिका भनाइमा लोक-संस्कृतिको समानार्थी शब्द फउक् कऽल्चर् हो, 'फउक्लॅःर्' होइन भन्ने तर्क युक्तिसङ्गत देखिन्छ। यसै गरी मोहनप्रसाद दाहालले लोकवार्ताअन्तर्गत लोक-संस्कृति अन्तर्भुक्त

[२८] तेजप्रसाद श्रेष्ठ, वि सं २०६७, 'लोकवार्ता र लोकसाहित्य : एक छोटो चर्चा', महादेव अवस्थी (सम्पा), **प्रज्ञा**, वर्ष ४०, पूर्णाङ्क १०३, काठमाडौं, ने रा प्र प्र, पृ १०२

[२९] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, पूर्ववत्, पृ १०-११

[३०] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, पूर्ववत्, पृ १७

[३१] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, पूर्ववत्, पृ ११

[३२] सीमा कुरियन, सन् २०१३, **समकालीन हिन्दी कविता में लोक तत्त्व,** अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, कोचिन विश्वविद्यालय, पृ ९०

[३३] नृपेन्द्र प्रसाद वर्मा, सन् १९७९, **पदमावत का लोकतात्त्विक अध्ययन**, अनुपम प्रकाशन, पृ २७

हुन्छ, यसको धारा लोकवार्तासित बद्ध छ भनेका छन्।[३४] फउक्लॅ:र् र फउक् कऽल्चर्ले उही अँगाले पनि यी दुवैमा तात्त्विक अन्तर छ। 'फउक्लॅ:र्' शब्दको रूपान्तरण लोकवार्तालाई बढी उपयुक्त मानिएको छ। यसप्रकार लोकवार्ताले लोकसाहित्यका साथै लोक-संस्कृतिलाई समेत अँगालेर व्यापकता ग्रहण गरेको देखिन्छ। अतः लोकसाहित्य र लोक-संस्कृतिको समष्टि रूप नै लोकवार्ता हो भन्ने विचार तेजप्रकाश श्रेष्ठको रहेको छ।[३५] उपर्युक्त विद्वान्हरूका धारणाका आधारमा भन्नु पर्दा लोक-संस्कृति लोकवार्ताको एउटा अङ्ग मात्र हो। विभिन्न यसरी विद्वान्हरूले दिएका धारणामाथि मनन गर्दा प्रत्येक जाति/ भूगोलको समुदायले परम्परागत रूपमा ग्रहण गर्दै र भोग्दै आएका जीवन सञ्चालन पद्धति लोक-संस्कृति हो र त्यसैको प्रदर्शन लोकवार्ता हो भनी निष्कर्षमा पुग्न सकिन्छ।

### २.३.२ लोक-संस्कृति र शिष्ट संस्कृति

इन्द्रबहादुर राईका गद्याख्यानमा ग्राम्य र नागर दुवै समाजलाई प्रतिनिधित्व गर्ने पात्रहरूको समावेश भएकाले शिष्ट संस्कृति र लोक संस्कृतिको अभिव्यक्ति पाइन्छ। यसकारण लोक-संस्कृति र शिष्ट संस्कृतिबिचको सहसम्बन्धका बारेमा परिचयात्मक चर्चा गर्नु यहाँ आवश्यक छ। लोक-संस्कृति र शिष्ट संस्कृतिमा अन्योन्य सम्बन्ध रहेको पाइन्छ। दुवै संस्कृतिमा विरोधाभास पनि छँदैछ। उक्त दुवै संस्कृतिमा पाइने अन्योन्याश्रय र विरोधाभासलाई बुझ्न पहिले लोक र शिष्ट शब्दको तात्पर्य स्पष्ट पार्नु आवश्यक छ। शिष्ट तत्सम शब्द हो र संस्कृत भाषामा यसको अर्थ परिष्कृत एवम् परिमार्जित हुन्छ, जसको सम्बन्ध शिष्ट, आभिजात्य र उच्च वर्गसित रहेको देखिन्छ। लोक शब्दको तात्पर्य जनसाधारण हो, जसको सम्बन्ध निम्नवर्गीय तथा गाउँघरमा कुनै न कुनै माध्यमले एउटा सूत्रमा रहेर मौलिक परम्परामा बाँच्ने साधारण लोकसित रहेको छ। यसैले शिष्ट र लोक शब्दमा भिन्नता रहेको थाहा पाइन्छ।

वैदिककालदेखि नै प्राचीन भारतीय संस्कृतिमा आभिजात्य धारा र लोक-सांस्कृतिक धारा प्रवाहित रहिआएका छन्। यिनै दुई धाराका संस्कृतिलाई शिष्ट संस्कृति र लोक-संस्कृति भन्दछन्। प्रारम्भदेखि लोक मानसमा यी दुई पृथक् धारा समान्तर चलेर आएको भए पनि मूल रूपमा यी दुवै एकअर्काका परिपूरक हुन् भन्न सकिन्छ। बलदेव उपाध्यायका भनाइअनुसार "लोक-संस्कृति शिष्ट संस्कृतिको सहायक हुन्छ।

[३४] मोहन पी दाहाल, जून २०२०,'सम्पादकीय', **नेपाली अकादमी जर्नल**, लोकवार्ता अङ्क, वर्ष १६, अङ्क १७-१८, रेजिस्ट्रार, उ ब वि, पृ V

[३५] तेजप्रसाद श्रेष्ठ, **प्रज्ञा**, पूर्ववत्, पृ ९८

यसअनुसार अथर्ववेद, ऋग्वेदको पूरक हो। अथर्ववेद लोक-संस्कृतिको परिचायक हो भने ऋग्वेद शिष्ट संस्कृतिको दर्पण हो। अथर्ववेदमा विचारको धरातल सामान्य जनजीवनसँग छ भने ऋग्वेदको सम्बन्ध विशिष्ट जनजीवनसँग छ।"[३६]

यसरी **ऋग्वेद** र **अथर्ववेद** मा लोक-संस्कृति र शिष्ट संस्कृति माझ पाइने भिन्नताका बारेमा थाहा पाउन सकिन्छ। **ऋग्वेद** मा यज्ञयागादि विधिविधानको विवरण पाइन्छ भने **अथर्ववेद** मा अन्धविश्वास, टुनामुना, मन्त्रतन्त्रको वर्णन रहेको उल्लेख कृष्णदेव उपाध्यायले **लोक-साहित्य की भूमिका** पुस्तकमा गरेका छन्।[३७] यसै गरी **उपनिषद्**, **बौद्ध जातक**, बाल्मीकि **रामायण** आदि ग्रन्थहरूमा पनि यी दुवै संस्कृतिका पृथक् रूप दृष्टिगोचर भएको पाइन्छ। प्राचीन समयदेखि शिष्ट र लोक भनी संस्कृतिलाई दुई भागमा विभाजन गर्ने काम हुँदै आए पनि कतिपय भारतीय अध्येताहरूको भनाइ के छ भने संस्कृतिलाई वर्गीकरण गर्ने यी आधार नै अव्यावहारिक छ, स्पष्ट छैन। वास्तवमा हरेक समयको संस्कृति र साहित्यमा अनेक कुरा आउँछन् तर त्यसमा न त लोक-संस्कृतिको कुनै हिस्सा हुन्छ न शास्त्रीय संस्कृतिले त्यसलाई स्वीकार नै गर्छ। त्यसैले लोक-संस्कृतिलाई भिन्न पारेर हेर्ने एउटै बलियो आधार भनेको 'वर्गीय' आधार हो।[३८] समग्रमा लोक-संस्कृति सामान्य संस्कृतिको एक भाग हो, विशिष्ट रूप हो। यो पृथक् छ तर निरन्तर व्यापक संस्कृतिमा समाहित भएर कालान्तरमा त्यसैको अङ्ग बन्न पुग्छ। त्यसैले जुन उत्कृष्टता तथाकथित शिष्ट समुदायको संस्कृतिमा छ त्यही लोक-संस्कृतिमा पनि पाउन सकिन्छ। अतः लोक-संस्कृति भनेको परम्पराबाट प्राप्त संस्कारजन्य स्वच्छ जीवनपद्धति हो।

अतः यहाँ शिष्ट संस्कृतिले नागर संस्कृति बुझाउँछ भने लोक-संस्कृतिले ग्रामीण संस्कृति। समाजशास्त्री सोरोकिनले पनि नागर संस्कृतिको तुलनामा ग्रामीण संस्कृतिको सम्बन्ध प्रकृतिसँग घनिष्ठ रूपले जोडिएको हुन्छ भन्ने वास्तविकतालाई स्विकारेका छन्। बलदेव उपाध्यायका अनुसार 'कुनै पनि देशको धार्मिक विश्वास, अनुष्ठानहरू तथा क्रियाकलापहरूको पूर्ण परिचयका लागि उक्त दुवै संस्कृतिको पारस्परिक सहयोग अपक्षित हुन्छ।'[३९] यसैले लोक-संस्कृतिले ग्रामीण र नगरीय जीवनलाई नै प्रतिविम्बित

---

[३६] कृष्णदेव उपाध्याय, सन् २०१९, **लोक-साहित्य की भूमिका**, प्रयागराज, लोकभारती प्रकाशन, पृ १२

[३७] कृष्णदेव उपाध्याय, **लोक-साहित्य की भूमिका**, पूर्ववत्, पृ १२

[३८] राजाराम भादु, सन् १९९३, 'लोकसंस्कृति और परिवर्तन-प्रक्रिया', महावीर अग्रवाल (सम्पा), **लोकसंस्कृति : आयाम एवं परिप्रेक्ष्य**, श्री प्रकाशन, पृ १२५

[३९] कृष्णदेव उपाध्याय, **लोक संस्कृति की रूपरेखा**, पूर्ववत्, पृ १२

गरेको हुन्छ र यही प्रतिविम्ब साहित्यको माध्यम साकार हुन्छ भनिएको छ।[४०] तथापि लोक-सांस्कृतिक दृष्टिले इन्द्रबहादुर राईका आलोच्य गद्याख्यानमा ग्रामीण र नागर दुवै संस्कृतिको अध्ययन अपेक्षित देखिन्छ, किनभने नागर लोकजीवनका सामाजिक, आर्थिक व्यवस्था, राजनीतिक लोकचेतना, कालविशेषको सामुदायिक जीवनशैली, तिनको आधुनिक जीवनपद्धति, विधिव्यवहार र रहनसहनको अभिव्यक्ति उनको उपन्यासमा जीवन्त देखिन्छ। समग्रमा खेतीपाती र पशुपालन गर्नु, आफ्ना कृषि उद्पादन बेची घर खर्च चलाउनु, चियाकमान र अन्यत्र गई श्रममूलक काम गर्नु, त्यही आयस्रोतबाट छोराछोरी पढाउनु, पाहुनापात टार्नु, परम्परागत धर्म र संस्कारहरूको पालन गर्दै सामाजिक मर्यादाहरूको संरक्षण गर्नु आदि राईका गद्याख्यानमा पाइने ग्रामीण जीवनका विशेषताहरू हुन् भने 'विभिन्न पेसामा व्यस्त रही बिदाको दिन मनोरञ्जन र आमोदप्रमोदमा सम्मेलित हुनु, आधुनिक फेसनबाट प्रभावित हुनु, महङ्गो जीवनस्तर र बद्लिँदा मूल्यहरूबाट आक्रन्त हुनु, पेसागत क्षेत्रका बौद्धिक, सांस्कृतिक, राजनीतिक र सामाजिक विषयहरूमा सैद्धान्तिक र व्यावहारिक रूपमा सक्रिय रहनु' आदि उनका गद्याख्यानमा पाइने नागर जीवनका विशेषताहरू हुन्।

### २.३.३ लोक-संस्कृति र लोकप्रिय संस्कृति

इन्द्रबहादुर राई साहित्यसाधक हुन्। यसकारण उनले 'चिन्तन बिनाको साहित्यिक प्रयास रहर र स्वाङ मात्र हो'[४१] भनेका छन्। उनको मतअनुसार साहित्य गम्भीर हुनुपर्छ। वर्तमानमा लोकप्रिय संस्कृति, लोकप्रिय आख्यान, लोकप्रिय कला-ज्ञानानुशासनहरूको अध्ययन भइरहेको छ। यसैबिच लोकप्रिय आख्यान गम्भीर साहित्य होइन भन्ने यसका मान्यताहरूबाट थाहा हुन्छ। **लोकप्रिय आख्यान** (सन् २०२१) पुस्तकमा पन्तले 'गम्भीर साहित्यले यसको परम्परित विधागत स्वरूपसँग सोझै सम्बन्ध राख्दैन'[४२] भनी लेखेका छन्। यस दृष्टिले इन्द्रबहादुर राईका आलोच्य गद्याख्यानसँग यस लोकप्रिय साहित्यको सोझो सम्बन्ध रहेको पाइँदैन। साहित्यसरह संस्कृतिमा पनि त्यस्तो सम्बन्ध हुँदैन भन्ने यसअनुरूप अनुमान गर्न सकिन्छ। यति भए तापनि प्रस्तुत शोधकार्य संस्कृतिमा केन्द्रित हुनाले लोकप्रिय संस्कृति के हो र लोक-संस्कृति र यसका बिच

---

[४०] उमा शङ्कर यादव, सन् २०१३, **रीतिमुक्त काव्यधारा में अभिव्यक्त लोक संस्कृति**, जौनपुर, वीर बहादुर सिंह पूर्वाञ्चल विश्वविद्यालय, पृ १-४३

[४१] इन्द्रबहादुर राई, सन् १९८१, **आज रमिता छ**, दार्जिलिङ, दार्जिलिङ ग्रन्थकार सहकारी समिति, पृ १

[४२] योगेश पन्त, सन् २०२१, **लोकप्रिय आख्यान**, कालेबुङ, उपमा प्रकाशन, पृ ३३

के कस्तो भिन्नता छ यसबारे सामान्य चर्चा गर्नु आवश्यक छ।

लोकप्रिय संस्कृति बिसौं शताब्दीको प्रथमार्द्धमा युरोपबाट प्रचलनमा आएको अवधारणा व्याप्त छ। वर्तमानमा लोकप्रिय संस्कृति विश्वव्यापी संस्कृतिको अङ्ग बनिसकेको छ। कुसुम सिंहले भनेअनुसार यसको आकर्षणदेखि कुनै पनि देश, धर्म, जाति, समूह अछुत छैन। सारा विश्वका मानिसहरूको रहनसहन, खानपान, सोचविचार, व्यवहार, आदत, पहिरन, मनोरञ्जनको साधन, जीवनशैलीमा समानता आउन थालेको देखिन्छ। विभिन्न देशका परस्पर राजनीतिक सम्बन्ध, औद्योगिकीकरण, आर्थिक उदारीकरण, तीव्रतम सञ्चारमाध्यम, भूमण्डलीकरणको विश्व विचारधारा, विज्ञापन वा मिडियाप्रसारित बजार आदिले मानिसको चिन्तनलाई स्थानीयतादेखि अन्तर्राष्ट्रिय घटना वा समस्यासँग जोडिरहेको छ।[४३] वर्तमानमा मानवीय सांस्कृतिक मूल्यमा यसले व्यापक हेरफेर ल्याउनाका साथै एउटा नयाँ आयाम पनि थप्ने काम गरेको छ।

लोकप्रिय संस्कृति अङ्ग्रेजी भाषाको पॅप्युलर् कऽल्चर्को नेपाली अनूदित रूप हो। 'पॅप्युलर्' र 'कऽल्चर्' शब्दको संयुक्त रूप पॅप्युलर् कऽल्चर् हो। पॅप्युलर् शब्दको उत्पत्ति 'पॅप्युलरिस्' शब्दबाट भएको मानिन्छ। पॅप्युलरिस् जनतासित सम्बन्धित शब्द हो। 'पॅप्युलर्' -को अर्थ लोकप्रिय, जनप्रिय, सर्वप्रिय, लोक प्रचलित आदि हुन्छ। पॅप्युलर् र लोकप्रिय शब्दमा समान ध्वनि पाइन्छ, त्यसो हुनाले 'पॅप्युलर्' -को समानार्थक शब्दका रूपमा लोकप्रिय प्रयोग गरेको पाइन्छ। यस भनाइमा सत्यता छैन भन्ने विद्वान्हरूको विचार छ। सो के भने 'पॅप्युलर्' -ले सम्पूर्ण जनतालाई बुझाउने काम गर्छ भने लोकप्रियले चाहिँ तिनै जनताको लोकप्रियतालाई मात्र बुझाउने काम गर्छ भनिएको छ। सांस्कृतिक सिद्धान्तकार रेमन्ड विलियम्सले पनि लोकप्रिय संस्कृति जनताको लोकप्रियताका निम्ति नै रचिन्छ भनेका छन्। **पॅप्युलर् कऽल्चर्** पुस्तकका लेखक सुधीश पचौरीले पॅप्युलर् र लोकप्रियमा भिन्नता रहेको बताएका छन्। उनले लोकप्रिय शब्द 'पॅप्युलर्'-को पर्याय नभएर पॅप्भन्दा पनि भिन्न शब्द हो भन्ने मानेको देखिन्छ। पॅप्युलर् र पॅप्मा अर्थान्तर रहेको उनको भनाइ छ। उनका भनाइमा 'पॅप्युलर्' -को संक्षेपीकृत रूप पॅप् हो। उनले लोकप्रिय संस्कृति शब्दको अतिरिक्त पॅप्युलर् संस्कृति पद प्रयोग गर्ने प्रस्ताव अघि सारेका छन्। अर्का विद्वान् कुसुम सिंहले पनि पॅप्युलर् कऽल्चर्को तात्पर्य जन संस्कृति हुँदैन भनेका छन्। यसो भए पनि 'पॅप्युलर्'-को मानक समानार्थी शब्द लोकप्रियलाई नै मानेकाले वर्तमानमा पॅप्युलर् कऽल्चर्को नेपाली

[४३] कुसुम सिंह, ६ अगस्ट २०१६ 'लोकप्रिय संस्कृति की अवधारणा', https://r.search.yahoo.com/ १६ मार्च २०२१

रूपान्तर लोकप्रिय संस्कृति नै सर्वमान्य देखिन्छ। नेपालीमा कतिपयले ‘जनयिता’ वा ‘जनप्रिय संस्कृति’ तथा ‘मायस् कऽल्चर्’ -जस्ता शब्दहरू पनि प्रयोग गर्दै आएका छन्।

लोकप्रिय संस्कृति पुँजीवादी उद्योगप्रधान समाजद्वारा विकसित भएको अवधारणा हो। यसैले वामपन्थी चिन्तकहरूले यसलाई लोकप्रियतावादको पर्याय रूप मानेको छ। यसबारे नेपाली विद्वान्‌हरूले भन्छन्- ‘लोकप्रिय संस्कृति माथिबाट लादिन्छ, जनताबाट वा तलबाट आउँदैन, ठुलाबडा, धनीमानी सक्षमहरूद्वारा यान्त्रिक तवरले बनाएर माथिबाट थोपरिने कुरा हो।’[४४] ‘यसले सस्तो मनोरञ्जन मात्र दिन्छन्’[४५] भनेको पाइन्छ। लोकप्रिय संस्कृति बजार तन्त्रसित जोडिएको कला शक्ति हो। फ्रेन्च दार्शनिक माइकल फुकोले पनि सांस्कृतिक ज्ञानलाई शक्तिको अवतार मानेका छन्। फ्रयाङ्कफर्ट स्कूल्का महान् नव मार्क्सवादी विचारक थियोडोर डब्अल्यू अडोर्नोले लोकप्रिय संस्कृतिलाई ‘संस्कृति उद्योग’ भनेका छन्। सांस्कृतिक उत्पादनलाई कतिपय विद्वान्‌हरू सोझै पुँजीवादी अर्थव्यवस्थाको एकीकृत रूप मान्छन्। सांस्कृतिक वस्तुको उत्पादन, पुनरुत्पादन अनि वितरणमा विभिन्न संस्था एवम् व्यक्तिको आ-आफ्नो भूमिका रहेको हुन्छ भन्ने समाजशास्त्री पिरे बोर्डिएको भनाइ छ। मैनेजर पाण्डेयका अनुसार प्रत्येक सांस्कृतिक वस्तु एक बिकाउ वस्तु हो, जसको व्यावसायिक मूल्य हुन्छ, साथै त्यो एक प्रतीकात्मक वस्तु पनि भएकाले त्यसको विशिष्ट सांस्कृतिक मूल्य पनि हुन्छ। थोरै अनुपात भएको सांस्कृतिक उत्पादनमा आर्थिक लाभ गौण अनि प्रतीकात्मक मूल्य मुख्य हुन्छ, यसको विपरीत बृहत् सांस्कृतिक अनुपातमा आर्थिक लाभ मुख्य प्रतीकात्मक मूल्य गौण हुन्छ।[४६] अतः लोकप्रिय संस्कृतिमा व्यवसायी तथा व्यापारिक लाभ कमाउने मानसिकता अधिक रहेको हुन्छ। यसले सूचना वा मीडिअलाई प्रसार माध्यम बनाउने गर्छ। त्यसैले यो सांस्कृतिक परिधिभन्दा बाहिर हुन्छ।

लोकप्रिय संस्कृति र लोक-संस्कृतिको बिचको भिन्नतालाई बुझ्न पहिले लोक के हो भन्ने बारेमा जान्न आवश्यक छ। अघिबाटै भनिएको छ लोकको तात्पर्य सर्वसाधारण जनता हो। यसको अभिप्राय एउटा निश्चित भौगोलिक सीमाभित्र समान संस्कार र संस्कृतिसित बाँच्ने जनसमूहलाई बुझिन्छ। यसको तुलनामा लोकप्रिय संस्कृति भौगोलिक सीमामुक्त भूमण्डलीय वा पृथ्वीको सतहभरि फैलिएको संस्कृति हो। लोक अङ्ग्रेजी भाषाको ‘फउक्’-को पर्याय शब्द हो। लोकले एउटा निश्चित स्थान र समूहविशेषका निश्चित

---

[४४] कृष्ण गौतम, वि सं २०६७, **उत्तरआधुनिक संवाद**, काठमाडौं, भृकुटी एकेडेमिक पऽब्लिकेइश्अन्स्, पृ ४४८

[४५] सञ्जीव उप्रेती, वि सं २०६८, **सिद्धान्तका कुरा**, काठमाडौं, अक्षर क्रियसन्स, पृ २७

[४६] मैनेजर पाण्डेय, सन् २००६, **साहित्य के समाजशास्त्र की भूमिका**, हरियाणा साहित्य अकादमी, पृ ३०५

विशेषतालाई नै बुझाउँछ। तर लोक शब्दसित प्रिय विशेषण जोडिँदा यसको अर्थ र सन्दर्भ दुवैमा परिवर्तन हुन आउँछ। लोकप्रिय संस्कृति एउटा निश्चित भूगोलसित नजोडी ग्लउब्अल् तथा मण्डलाकार हुन्छ। लोक-संस्कृतिको दृढपरम्परा र आफ्नै संरचनात्मक नियमहरू छन् तर लोकप्रिय संस्कृतिको न कुनै नियम न कुनै सैद्धान्तिक परम्परा छ। यो औद्योगिक तथा आर्थिक मूल्यद्वारा निर्मित संस्कृति हो। लोक-संस्कृति गहिराइबाट सतहमा फैलिन्छ तर लोकप्रिय संस्कृति व्यापारीहरूद्वारा विभिन्न संस्थान र निगमहरूद्वारा माथिबाट थोपरिन्छ। उपभोक्ताहरू सस्ता मनोरञ्जनले निष्क्रिय, क्रियारहित र अकर्मण्य हुँदै जान्छन्। कतिपय विद्वान्हरूले लोकप्रिय संस्कृति जनतालाई लट्ठ्याउने विष हो, यसले उनीहरूको सिर्जन क्षमतालाई निष्क्रिय पारिदिएको छ, मानिस पतनशील हुन पुगेको छ, उत्साह मारिएको छ, सीमित राजनीतिक र आर्थिक स्वार्थमा ढालिएको छ भन्छन्।

वर्तमान लोकप्रिय सांस्कृतिक समाज एउटा कोठामा बन्दी भएको छ। यस्तो समाजलाई कृष्ण गौतमले 'कारागृह'[४७] भनेका छन्। लोक-संस्कृतिमा लोकजीवनको समस्त सुख-दुःख, अन्तर्विरोध आदि सामूहिक रूपमा स्वतःस्फूर्त प्रकट भएको हुन्छ; व्यक्तिलाई समूहमा बाँधी सर्वाङ्गीण परिष्कार गर्ने कार्य हुन्छ। तर लोकप्रिय संस्कृतिमा तकनिकीका माध्यमबाट व्यक्तिगत इच्छा र आकाङ्क्षाको प्रसार गरिन्छ। लोकको सामूहिक चिन्तनलाई होइन तर आकर्षणलाई महत्त्व दिइन्छ। लोक-संस्कृति मानवीय सामाजिक अनुभवको सिर्जनात्मक रूपान्तरण हो। यसको वस्तुमा जीवनको नैसर्गिक लय हुन्छ। यसमा सार्वकालिक मानव मूल्य अन्तर्निहित भएको हुन्छ। लोकप्रिय संस्कृतिले उपभोग र कृत्रिम वस्तुको आवश्यकतालाई बुझाउँछ भन्ने राजीव रञ्जन गिरिले तुलनात्मक दृष्टि प्रस्तुत गरेका छन्।[४८] योगेश पन्थका अनुसार लोकप्रिय संस्कृतिको सम्बन्ध साहित्यसित पनि रहिआएको छ। त्यसलाई लोकप्रिय साहित्य पनि भन्ने गरिन्छ। यस किसिमको साहित्यलाई सतही, अशिष्ट, विभ्रान्ति फैलाउने, मनोरञ्जक भनेर हेयको दृष्टिले हेर्ने गरिन्छ तर लोकप्रिय साहित्यले साहित्य, समाज र पाठक माझ मध्यस्थताको भूमिकानिर्वाह गर्ने काममा भने महत्त्वपूर्व योगदान दिन्छ।[४९] निष्कर्षमा लोकप्रिय संस्कृति र लोक-संस्कृति दुई भिन्नाभिन्नै संस्कृति हुन् भन्न सकिन्छ।

---

[४७] कृष्ण गौतम, **उत्तरआधुनिक संवाद**, पूर्ववत्, पृ ४४९

[४८] राजीव रंजन गिरि, ९ सेप्टेम्बर २०१४, 'लोक संस्कृति र लोकप्रिय संस्कृति' https://jaaneanjaane.blogspot.com/2014, ५ मार्च २०२१

[४९] योगेश पन्थ, सन् २०१२, **प्रकाश कोविदका लोकप्रिय उपन्यासहरूको समाजपरक अध्ययन**, अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, उ ब वि, पृ ४२

### २.३.४ लोक-संस्कृति र सांस्कृतिक अध्ययन

सांस्कृतिक अध्ययन मानवीय जीवनका विविध क्रियाकलापको अध्ययन गर्ने नवीन ज्ञानानुशासनको शाखा हो। संस्कृतिले सांस्कृतिक अध्ययनका माध्यमबाट मानवीय आचरण र व्यवहारहरूको समष्टिलाई बुझाउने काम गर्छ। सांस्कृतिक अध्ययनले अन्तरअनुशासनात्मक विषयका रूपमा मार्क्सवाद, नवइतिहासवाद, नारीवाद, लैङ्गिक अध्ययन, समाजशास्त्र, मानवशास्त्र, जात र जनजाति अध्ययन, चलचित्र अध्ययन, भिन्न क्षमता अध्ययन, लोकप्रिय सांस्कृतिक अध्ययन, उत्तरऔपनिवेशिक अध्ययनका तत्त्वहरूलाई समेटेको पाइन्छ। यी नै विषयबाट सिद्धान्त र पद्धतिहरू लिएर समसामयिक समाजको सांस्कृतिक विषयहरूको विश्लेषण गर्ने काम सांस्कृतिक अध्ययनमा गरिन्छ। यसो हुँदा चाडपर्व, रीतिरिबाज, संस्कारजन्य मान्यताहरूलाई बुझाउने परम्परित र रूढ अर्थमा सीमित नभएर संस्कृतिसँग जोडिएका त्यस्ता अनेक पक्षको अध्ययन गर्ने परम्परा थालिएको हुनाले यो व्यापक र सीमाहीन विषय बनेको छ।

संस्कृतिसम्बन्धी अध्ययन गर्ने ज्ञानको नयाँ शाखाको रूपमा सुरु भएको सांस्कृतिक अध्ययन विगत १९६० को दशकदेखि बेलायतबाट थालिएर युरोप, अमेरिका, अफ्रिका र एसियाका विभिन्न ठाउँहरू हुँदै विकसित भएको विषय हो। रिचार्ड होगार्ट, रेमन्ड विलियम्स, इ पि थम्पसन, स्टुआर्ट हल आदि यसका मुख्य प्रवर्तकहरू हुन्। चूडामणि बन्धुका अनुसार यिनीहरूले ग्रामीण र नागर, साक्षर र निरक्षर, सभ्य र असभ्य, शिष्ट र अशिष्ट -जस्ता भेदलाई मान्दैनन्। साथै महासंस्कृति र लघु संस्कृतिका रूपमा विभेद नगरी यसले सामाजिक तथा राजनीतिक सन्दर्भमा संस्कृतिका सबै सरल र जटिल रूपको अध्ययन गर्दछन्।[५०] अन्तर्विषयक अध्ययन हुनाले साहित्य र लोक-संस्कृति -जस्ता विषयबाट सिद्धान्त र पद्धतिहरू ग्रहण गरेर लोकजीवनको सांस्कृतिक विषयको विश्लेषण गर्दछ। यसैले सांस्कृतिक अध्ययनमा लोक-संस्कृति वा लोकवार्ताको अध्ययन गरिन्छ तापनि लोक-संस्कृति र सांस्कृतिक अध्ययन भिन्न प्राज्ञिक अनुशासन हो। तर दुवैले अध्ययन गर्ने विषय भनेको संस्कृति नै हो। यद्यपि सांस्कृतिक अध्ययन भनेको संस्कृतिको अध्ययन होइन भन्ने एकथरि धारणा छ किनभने संस्कृतिलाई भिन्न रूपमा हेर्नु र व्याख्या गर्नु सांस्कृतिक अध्ययन हो। यस सन्दर्भमा अमर गिरीको भनाइ उल्लेखनीय छ। उनी लेख्छन्- "संस्कृतिलाई जुन रूपमा जसरी बुझ्दै आइएको छ त्यो नै सांस्कृतिक अध्ययन होइन। केही खास सैद्धान्तिक अवधारणाहरूमा टेकेर

[५०] चूडामणि बन्धु, **जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास**, पूर्ववत्, पृ १४-१५

सांस्कृतिक अध्ययनले संस्कृतिलाई हेर्छ, बुझ्छ र व्याख्या गर्छ।"[५१]

लोक-संस्कृतिले निश्चित भौगोलिक क्षेत्रमा बस्ने मानिसहरूको समूहले सिक्दै र ग्रहण गर्दै आएका समान व्यवहार, रीतिथिति, प्रचलन, चाडपर्व, मौखिक परम्परा, लोककलाका विविध रूपहरू, रहनसहन, गरगहना, लोकाचार आदिको अध्ययन गर्दछ। लोक शब्द पूर्व-औद्योगिक हुनाले लोक स्तरीय समाज स्वाभाविक रूपले ग्रामीण, प्रकृतिमूखी, सरल हुने गर्छन्। सांस्कृतिक अध्ययनले ग्रामीण र सहरी, पठित र अपठित, सभ्य र असभ्य, महासंस्कृति र लघु संस्कृतिको विभेद नगरी सामाजिक तथा राजनीतिक सन्दर्भमा लिङ्ग, जाति, वर्ग, सामाजिक सम्बन्ध, शक्तिको सिर्जना र रूपान्तरणबारे संस्कृतिका सबै सरल र जटिल स्वरूपको अध्ययन गर्छ। यस दृष्टिले इन्द्रबहादुर राईका गद्याख्यानको अध्ययन सांस्कृतिक अध्ययनको सीमाभित्र रहेर शोध गर्न सकिने प्रबल सम्भावना देखिन्छ। तापनि प्रस्तुत शोधकार्यमा उनका गद्याख्यानको विशेषतः लोक-सांस्कृतिक दृष्टिले अध्ययन-विश्लेषण गरिएको छ।

### २.३.५ लोक-संस्कृति र पर्यावरण

सौर्यमण्डलका विभिन्न ग्रहहरूमध्ये पृथ्वी एउटा हो। यहीँ ग्रहलाई स्वच्छ, जीवनयुक्त र सुन्दर पार्ने हावा, पानी, ढुङ्गा, माटो, पशुप्राणी, वनजङ्गल, पहाड, पर्वत्, नदीनाला आदिलाई नै पर्यावरण भन्ने गरिन्छ। पर्यावरण शब्द परि+आवरण-को योगबाट बनेको शब्द हो भनी देवचन्द्र सुब्बा लेख्छन्।[५२] पर्यावरण र मानव जातिबिचको सम्बन्ध सृष्टिकालदेखि रहँदै आएको छ। वर्तमानमा पर्यावरणको साहित्यिक अध्ययन-अनुशीलन भइरहेको छ। पर्यावरण र जीवबिचको सम्बन्धको अध्ययनलाई परिवेश विमर्श भनिन्छ। परिवेश विमर्श अङ्ग्रेजी 'इकॅलजि' शब्दको नेपाली रूपान्तरण हो र यो शब्द ग्रीक् भाषाको Oikos Logos दुईवटा शब्दको योगबाट बनेको छ।[५३] नेत्र एटमले Oikos अर्थ Home अर्थात् घर हुन्छ भने Logos को अर्थ Study अर्थात् अध्ययन हुन्छ भनी उल्लेख गरेका छन्।[५४] यसअनुसार इकॅलजिको 'अर्थ घर वा आवासको अध्ययन' भन्ने बुझिन्छ। अरूणा व्यासले **कोलिन्स कोबिड इङ्ग्लिश् लायङ्ग्विज् डिक्शन्रि** मा पारिस्थितिकीलाई जुनसुकै जीवनधारीका पर्यावरणसँग सम्बन्धको अध्ययन हो र वनस्पति,

[५१] अमर गिरी, वि सं २०७४, **भूमण्डलीकरण र साहित्य**, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेइश्अन्स्, पृ २३०

[५२] देवचन्द्र सुब्बा, सन् २०२१, **नेपाली कवितामा परिवेश**, कालेबुङ, उपमा प्रकाशन, पृ ३८

[५३] नेत्र एटम, वि सं २०७०, **अन्तर्विषयक नेपाली समालोचना**, काठमाडौं, एकता बुक्स् डिस्ट्रिब्युटर्स, पृ १७२

[५४] नेत्र एटम, **अन्तर्विषयक नेपाली समालोचना**, पूर्ववत्, पृ १७२

पशु, मानव आदिका पर्यावरण सम्बन्धका अन्तिम परिणाम नै पारिस्थितिकी हो भन्ने तर्क अघि सारेका छन्।[५५] वर्तमानमा बढ्दो मानव बसोवास र प्रदूषणका कारण पर्यावरणले सन्तुलन गुमाउँदै गइरहेको घटना नित्य प्रकाशमा आइरहेको छ। यसले विश्व नै आज चिन्तित देखिन्छ भने पर्यावरण सन्तुलनका निम्ति गम्भीर पनि हुनु परिरहेको अवस्था छ। यसैले अन्य क्षेत्रहरूमाझैं साहित्य र संस्कृतिमा पनि यसको प्रभाव देखापरिहेको छ। नेत्र एटमका अनुसार पर्यावरणीय समालोचना साहित्यले धरतीलाई नै साहित्यिक कृतिका रूपमा लिएर पर्यावरणलाई कृतिको परिवेश वा प्रकृतिचित्रणको अलङ्कारका रूपमा नभई अनिवार्य अस्तित्वका रूपमा विश्लेषण गर्दछ।[५६] साहित्यमा प्रकृति अध्ययनका निम्ति विभिन्न पदावलीहरूको प्रयोग गरिएको भेटिन्छ। ग्लोटफेल्टी (सन् १९९६) ले समालोचनाको अघिल्तिर 'ईकउ' उपसर्ग जोड्न चाहेका छन्, जुन उपयुक्त मानिएको छ। इकॅलजि शब्दले प्रकृति र संस्कृतिलाई अन्योन्याश्रित सम्बद्ध अङ्गका रूपमा हेर्ने काम गर्दछ। त्यसो हुँदा पर्यावरण र संस्कृतिका सम्बन्धको अध्यननका निम्ति सांस्कृतिक पारिस्थितिकीको नयाँ सिद्धान्त देखापरिरहेछ। पर्यावरणसँग संस्कृति जोडिएको हुन्छ भन्ने पक्षमा यस अध्ययनले के भन्छ भने, जुन रूपमा मानिसले प्रकृतिलाई व्यवहार गर्छ त्यो पनि एउटा संस्कृतिकै हिस्सा हो। यसैले कुनै जातिको सांस्कृतिक परम्परापछि पर्यावरण र संस्कृतिका बिचमा हुने सम्बन्धले महत्त्वपूर्ण भूमिका खेलिरहेको हुन्छ।

माथिको भनाइले पर्यावरण र लोक-संस्कृतिको सोझो सम्बन्ध छ भन्ने कुरो बुझाएको छ। उदाहरणका निम्ति विभिन्न संस्कृतिहरूमध्ये भौतिक लोक-संस्कृति र प्रकृतिबिच सबैभन्दा नजिकको सम्बन्ध रहिआएको पाइन्छ। लत्ताकपडा, गहना, खाना, आवास उपकरण -जस्ता भौतिक वस्तुहरू प्रकृतिले नै प्रदान गर्दछ। मानवलाई चाहिने खाना, कपडा, आश्रय र उपकरणका लागि सबै कच्चापदार्थहरू प्राकृतिक उत्पादनहरूमा निर्भर हुन्छन्। यसैले लोक-सांस्कृतिक अध्ययन गर्दा प्रकृतिभन्दा टाढा मानिसको कुनै अस्तित्व छैन भन्ने देखिन्छ, जसले लोकजीवन निरन्तर प्रकृतिको समीपमा रहेको हुन्छ भन्ने देखिन्छ। प्रकृतिसँगको नित्य संसर्गले गर्दा यसका केही रहस्य, ऋतु परिवर्तन चक्र, हाम्रा चाडपर्व, व्रतपूजन -जस्ता भावनाको सोझो सम्बन्ध लोकजीवनसँग हुन्छ। मानिसले त्यसै अनुरूपको संस्कृति निर्माण गरिरहेका हुन्छन्। यसकारण कुनै पनि ठाउँको लोकजीवन त्यस ठाउँको वातावरणको परिणामस्वरूप निर्मित हुन्छ। पर्यावरणले

[५५] अरूणा व्यास, सन् २०१६, **लोक-संस्कृति, समाज एवं पारिस्थितिकी संतुलन**, राजस्थान, राजस्थान हिन्दी ग्रन्थ अकादमी, पृ ७६

[५६] नेत्र एटम, **अन्तर्विषयक नेपाली समालोचना**, पूर्ववत्, पृ १७२

नै लोकजीवन र तिनको संस्कृतिमा पनि भिन्नता ल्याउने गर्छ। चूडामणि बन्धुका अनुसार 'त्यस्तो भिन्नता खेतीपाती, खानपान, वेशभूषा, आदिमा मात्र होइन, रहनसहन, रीतिथिति आदिमा पनि देख्न पाइन्छ।'[५७]

प्रकृति र लोक-संस्कृतिको सम्बन्ध जति प्रगाढ छ त्यति नै पारिस्थितिकी सन्तुलनमा लोक-संस्कृतिको बलियो भूमिका छ। हिन्दू संस्कारमा खोलानाला, नदी, देउराली, वृक्ष, सूर्य, वायु, जल, घरती, पशुप्राणी आदिलाई देवीदेवताका प्रतीकात्मक स्वरूप मानेर पूजा-अर्चना गर्ने परम्परा र विश्वास छ। यी परम्परा र विश्वास धार्मिक कारणले मात्र नभई प्रकृतिप्रतिको आदर र सद्भावना पनि हो। 'कुनै ठाउँमा भएका रुखपात ढुङ्गा, माटो, पशुपक्षी र किरा-फटेङ्ग्राले समेत वातावरणमा सन्तुलन ल्याएका हुन्छन्'[५८] यसको संरक्षणमा लोक-संस्कृतिले योगदान गरेको देखिन्छ। देवचन्द्र सुब्बाका अनुसार विश्वमा यस्तो कुनै ठाउँ छैन जहाँ लोक होस् अनि उसको संस्कृति नहोस्। त्यसैले संस्कृतिलाई वहन गर्ने लोक प्रकृतिसँग सम्बन्धित हुँदछ।[५९] अर्को शब्दमा भन्नु पर्दा संस्कृति र प्रकृति एकाअर्काका परिपूरक हुन्। प्रकृति र संस्कृतिका सम्बन्धबारे अध्ययन लोक-संस्कृतिअन्तर्गत गरिने हुनाले इन्द्रबहादुर राईका गद्याख्यानमा प्रकृति र लोकजीवनका बिचको सम्बन्धबारे अध्ययन गर्नु प्रासङ्गिक देखिन्छ।

## २.४ लोक-सांस्कृतिक अध्ययनको प्रयोजन र महत्त्व

इन्द्रबहादुर राईले आफ्ना गद्याख्यानमा नेपाली लोकजीवनका सांस्कृतिक वैशिष्ट्यहरूअनुरूप नै अभिव्यक्ति प्रस्तुत गरेका छन्। यसैले उनका गद्याख्यानमा नेपाली लोक-संस्कृतिको प्रयोजन र महत्त्वबारे बुझ्नका लागि लोक-सांस्कृतिक अध्ययनको प्रयोजन र महत्त्व बारेमा प्रकाश पार्न आवश्यक देखिन्छ। लोक-संस्कृति कुनै पनि जाति र राष्ट्रको सनातन मूल्य एवम् मानव समाजद्वारा अर्जित हुनाले यसमा मनुष्यका संस्कारजन्य लोकरीतिरिबाज, आस्था-विश्वास, उत्सव, दैनन्दिन व्यवहार, निष्ठा, धर्म, चलनचाँजो, विधिव्यवहार इत्यादि मानव मूल्य संरक्षित भएको हुन्छ। यसले मान्छे मान्छेबिचका अन्तर र भेदभावलाई मेटाएर सामूहिकता एवम् आपसमा एकता कायम गराइ अनेकतामा विस्तारित संस्कृतिलाई राष्ट्रिय संस्कृतिको स्वरूप दिने काम गर्छ। त्यसैले लोक-संस्कृतिलाई विश्व जननी पनि भन्ने गरिन्छ। यसबाट मानव जीवनमा लोक-संस्कृतिको विशेष महत्त्व र भूमिका छ भन्ने कुरो स्पष्ट हुन्छ। यिनै लोक-संस्कृतिको महत्त्व र खास

---

[५७] चूडामणि बन्धु, वि सं २०६०, **नेपाली साहित्यको इतिहास**, प्रथम खण्ड, काठमाडौं, ने रा प्र प्र, पृ १९

[५८] चूडामणि बन्धु, **नेपाली साहित्यको इतिहास**, पूर्ववत्, पृ १९

[५९] देवचन्द्र सुब्बा, **नेपाली कवितामा परिवेश**, पूर्ववत्, पृ ३२-३३

प्रयोजनलाई निम्नानुसार समेट्न सकिन्छ-

- लोक-संस्कृति लोकपरम्पराको परिष्कृत रूप हो।
- लोक-संस्कृति लोकोत्तर तथा मानव निर्मित सम्पूर्ण संस्कृतिको बीज हो।
- लोक-संस्कृति इतिहास र दैनिक जीवनको जीवित वर्तमान हो।
- लोक-संस्कृति प्रकृतिको अभिन्न प्रतिरूप हो।
- लोक-संस्कृति तर्क र अविश्वासमुक्त लोक अभिव्यक्तिको नैसर्गिक माध्यम तथा साधन हो।
- लोक-संस्कृति समन्वयकारी विचारधारा हो।
- लोक-संस्कृति भिन्नतामा एकता हो।
- लोक-संस्कृति सत्यको परिपूरक हो।
- लोक-संस्कृति जीवनपद्धतिको आधार हो।

उपर्युक्त बुँदाहरूलाई समेटेर हेर्दा र विद्वान्हरूले दिएका धारणाअनुसार अनेकतामा एकता, बाह्य रूपमा परिवर्तन परन्तु तात्त्विक स्थिरता, मानवता एवम् सहिष्णुता, प्रकृतिसँग अभिन्न सम्बन्ध, सत्यको परिपालन, विद्या औ कलाको उन्नति, आध्यात्मिक विकास, ज्ञानको पिपासा, प्रजापालक शासन, सच्याइ आदि लोक-संस्कृति तथा यसका तत्त्वहरू हुन् भन्न सकिन्छ।[६०] लोक-संस्कृतिको उपर्युक्त प्रयोजन र तत्त्वबाहेक मौखिक परम्परा उल्लेखनीय विशेषता हो। कुनै पनि समाजमा ज्ञान, विचार तथा भावनाका सञ्चार मौखिक परम्पराअनुसारै विकसित भएको हुन्छ। यस अर्थमा सामाजिक मनोविज्ञानलाई बुझ्नका लागि मौखिक परम्पराको अध्ययन गर्नु अधिक महत्त्वपूर्ण देखिन्छ। यस दृष्टिले लोक-संस्कृतिलाई जान्न र बुझ्न आवश्यक छ। लोक-संस्कृति मात्र एउटा त्यस्तो विषय हो, जसको मुख्य आधार मौखिक हुन्छ। यसैबाट हामी जे सुन्छौं, जे कुरा देख्ने गर्छौं र जसका बारेमा धारणा प्रचलित हुने गर्छ, कालान्तरमा त्यही कुरा लोकविश्वास, लोकमान्यता, लोकपरम्परा प्रचलनमा आउँदा लोक-संस्कृतिको जन्म हुन्छ। यसैले लोक-संस्कृति सामाजिक प्रक्रियाको एउटा महत्त्वपूर्ण अङ्ग हो।

'राम्रो सुन्नु, राम्रो देख्नु, राम्रो गर्नु' लोकजीवनको उद्देश्य हुनाले यसलाई नेपाली लोक-संस्कृतिको

---

[६०] अरूणा व्यास, **लोक संस्कृति, समाज एवं पारिस्थितिकी संतुलन**, पूर्ववत्, पृ ५१

विशेषता तथा लौकिक दर्शन र दार्शनिक ज्ञानपरम्परा मान्न सकिन्छ। लोक दर्शन 'लोकको दृष्टिकोण, अभिव्यक्ति, धारणा, विचार र पद्धतिलाई अँगाल्ने चिन्तन पद्धति हो।'[६१] अतः परिमार्जित एवम् परिष्कृत लोकजीवन र लोकपरम्पराका आचरण लोक-संस्कृति हो। यसैले लोक-संस्कृति हाम्रो परिचय हो।

वर्तमानमा नेपाली लोक-संस्कृतिमा विचलन पनि देखापरेको छ। अर्कातिर नयाँ पुस्ताका पिँढीले आफ्नो लोक-संस्कृतिप्रति चासो र चिन्ता पनि देखाइरहेको छ। लोक-संस्कृति अविरल बग्ने नदीसरह भएकाले परिवर्तन अँगाल्नु आवश्यकता पनि ठहरिन्छ। साथै लोक-संस्कृतिको जगेर्ना वा संरक्षण गर्नु आजका पिँढीको परम कर्तव्य पनि हो। तुलसी दिवसका विचारमा एकअर्का जातिबिच सद्भावना र सहकार्य गर्नु नै लोक संस्कृतिको संरक्षण गर्नु हो। जे कुरा लोकले सृजना गऱ्यो, त्यसको दायित्वबोध गर्नु नै लोक संस्कृतिको संरक्षण गर्नु हो। लोक संस्कृति भनेको समाजको सृजना हो। औपचारिक शिक्षाले भन्दा सहभागिता महत्त्वपूर्ण हुन्छ। यसको संरक्षण गर्दा हामीले समाजको संरक्षण गरेका छौं भन्ने बुझ्यो भने हामीले लोक संस्कृतिको संरक्षण गर्न सक्छौं।[६२] यसअनुसार उपर्युक्त लोक-सांस्कृतिक अध्ययनका वैशिष्ट्यहरू इन्द्रबहादुर राईका गद्याख्यानमा प्रतिविम्बित हुनाले यसको अध्ययन सान्दर्भिक देखिन्छ।

## २.५ लोक-सांस्कृतिक अध्ययनको क्षेत्र

इन्द्रबहादुर राईका गद्याख्यानमा नेपाली लोकजीवनका संस्कार, लोकप्रचलन, लोकविश्वास, लोककौशल, न्यायप्रणाली, लोकवाणी, रहनसहन, लोकोत्सव आदि सन्दर्भहरूको उल्लेख भएको पाइन्छ। यसैले उनका गद्याख्यानमा नेपाली लोक-सांस्कृतिक अध्ययनका कुन कुन क्षेत्रहरू पर्दछन् भन्ने कुरा विचारणीय छ। त्यसो हुँदा नेपाली लोक-सांस्कृतिक अध्ययनको क्षेत्रगत वर्गीकरण गर्नु आवश्यक देखिन्छ।

नेपाली भाषा-साहित्यमा लोक-संस्कृतिको सङ्कलन, सूचीकरण र वर्गीकरण गर्ने प्रयास भएको पाइन्छ। यसो भए पनि संस्कृति आफैमा एउटा व्यापक विषय हो। विलियम वास्कमले लोकवार्तालाई संस्कृतिको एउटा अंश मात्र मानेका छन्।[६३] तेजप्रकाश श्रेष्ठका अनुसार लोक-संस्कृतिअन्तर्गत देशका

---

[६१] विष्णु प्रभात, वि सं २०६८, 'नेपाली दर्शनको खोजी', विष्णु प्रभात (सम्पा), **दर्शनावली**, काठमाडौं, ने प्र प्र, पृ ३५२

[६२] तुलसी दिवस, ३० गते कार्तिक २०७८, 'लोक संस्कृति भनेको समाजको सृजना हो', https://www.makalukhabar.com,९ नोभेम्बर २०२१

६३ वासुदेव थापा, **सिक्किम र दार्जिलिङ क्षेत्रका मगरहरूका लोकवार्ताको प्रतीकपरक अध्ययन**, अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, उ ब वि, पृ ३६

भौगोलिक विषमता र जातीय विविधताद्वारा सिर्जिएका बहुविध रीतिरिबाज, चालचलन, रहनसहन, बोचीवचन, धर्मक्रम, कला-साहित्य, दैनिक उपभोग्य सामानको प्रयोग जीवनशैली -जस्ता मानवका दैनिक जीवनमा परम्परादेखि प्रवाहित लोकमान्यता, धारणा र सम्पदा आदि पर्छन्।[६४] यद्यपि यसअन्तर्गत कुन कुन विषयक्षेत्रलाई लिएर अध्ययन गर्न सकिन्छ भन्नेबारे अध्येताहरूका निम्नलिखित धारणा पाइन्छन्-

मैरिटको भनाइअनुसार जो पौरोहित्य, धर्म तथा इतिहासमा परिणत हुन बाँकी छ- जो स्वयम् वर्द्धित छ, ती सबै लोक-संस्कृतिमा समावेश हुन सक्छन्।[६५] लोक-संस्कृतिलाई सिङ्गो र पूर्ण विधा मान्ने भारतीय लोक-संस्कृतिविद् कृष्णदेव उपाध्यायले यस अध्ययन क्षेत्रअन्तर्गत लोकविश्वास तथा अन्धपरम्परा, संस्कार, आचारविचार तथा विधिविधान र मान्यता, सामाजिक, आर्थिक तथा राजनीतिक संस्था, धार्मिक तथा आध्यात्मिक मान्यता, लोकसाहित्य आदि अन्तर्भुक्त गराउन सकिन्छ भनेका छन्।[६६] राजबली पाण्डेयले **हिन्दी साहित्य का बृहत् इतिहास** भाग १६ को प्रस्तावनामा लोकजीवनको वर्णन हुन्छ, लोकविश्वास तथा परम्पराको उल्लेख हुन्छ, निश्चित रूपमा त्यसको सम्बन्ध लोक-संस्कृतिसित हुन्छ अनि ती सबै लोकजीवनका यावत् कुरा लोक-संस्कृतिका क्षेत्र हुन् भनी उल्लेख गरेका छन्।[६७] तुलसी दिवसका दृष्टिमा लोक-संस्कृति के हो, के होइन भनी मौखिक तथा प्रचलित परम्पराका आधारमा छुट्ट्याउने काम सजिलो छैन। त्यसैले लोक-संस्कृतिका विविध क्षेत्रलाई विषयअनुसार अध्ययन गर्नु र गराउनु उपयुक्त हुन्छ।[६८] नेपाली लोक-संस्कृतिविद्हरूले आजपर्यन्त अध्ययन सुविधाका निम्ति लोक-संस्कृतिको सङ्कलन, सूचीकरण र वर्गीकरण गर्ने प्रयास निम्नलिखित रूपले गरेको देखिन्छ-

सत्यमोहन जोशी, चूडामणि बन्धु र अन्यले **कर्णाली लोक संस्कृति १-५** (वि सं २०२८) मा लोक-संस्कृतिलाई निम्नप्रकारले वर्गीकरण गरेर अध्ययन गरेका छन्[६९] (१) ऐतिहासिक, (२) भौगोलिक, (३) सामाजिक-सांस्कृतिक, (४) भाषा, (५) लोकसाहित्य, (६) सङ्गीत र कला।

तुलसी दिवसद्वारा सम्पादित सोह्रवटा कार्यपत्रहरूको सङ्कलन पुस्तक **नेपाली लोक-संस्कृति-**

---

६४ तेजप्रकाश श्रेष्ठ, वि सं २०६०, **नेपाली लोकसंस्कृति केही सम्पदा, केही परम्परा**, ललितपुर, साझा प्रकाशन, पृ क

६५ आर आर मैरिट, सन् २०१४, **साइकॅलजि आय्न्ड् फउक्लॅ:र्**, लऽन्डन, मेथुइन, पृ ७

६६ कृष्णदेव उपाध्याय, **लोक संस्कृति की रूपरेखा**, पूर्ववत्, पृ ४२

६७ राजबली पाण्डेय, सं २०१७, **हिन्दी साहित्य का बृहत् इतिहास**, काशी, नागरी प्रचारिणी सभा, पृ ५

६८ तुलसी दिवस, वि सं २०३५, ‘नेपाली लोक-संस्कृति-संगोष्ठी पृष्ठभूमि-परिचय’, तुलली दिवस (संयोजक), **नेपाली लोक-संस्कृति-संगोष्ठी**, काठमाडौं, ने रा प्र प्र, पृ च

६९ सत्यमोहन जोशी, वि सं २०२८, **कर्णाली लोक संस्कृति**, खण्ड १, काठमाडौं, ने रा प्र प्र, पृ ख

**संगोष्ठी** (वि सं २०३५) शीर्षकमा प्रस्तुत गरिएका कार्यपत्रहरूमा लोक-संस्कृतिलाई मोटामोटी रूपले चार खण्डमा विभाजन गरी कार्यपत्रहरूको विषयअनुसार समावेश गरिएको छ[७०] (१) लोकसाहित्य र लोक भाषा, (२) लोककला र लोकशिल्प, (३) लोकविश्वास र रीतिरिबाज र (४) लोकजीवन र जीवनचक्र।

तुलसी दिवसले **प्रदर्शनकारी धिमाल लोक-संस्कृति** (वि सं २०३५) मा लोक-संस्कृतिलाई एकाधिक विषयहरूमा वर्गीकरण गरी अध्ययन गरेका छन्[७१] (१) जाति परिचय, (२) भौगोलिक पृष्ठभूमि, (३) गाउँघर, (४) ऐतिहासिक जातीय पृष्ठभूमि, (५) प्रजातीय लक्षण तथा शारीरिक विशेषता, (६) भाषा, (७) परिवार नाता कुटुम्ब, (८) वेशभूषा, (९) खाद्य-पेय, (१०) भाँडाकुँडा, (११) हातहतियार, (१२) लोकबाजा, (१३) लोकसाहित्य, (१४) सामाजिक संस्कार, (१५) आर्थिक जीवन, (१६) उत्सव चाडपर्व, (१७) औषधोपचार, (१८) सामाजिक व्यवस्था र नियमहरू, (१९) लोकनृत्य।

विजय चालिसेले **डोटेली लोक संस्कृति र साहित्य** (वि सं २०६५) पुस्तकमा लोक-संस्कृतिलाई तीन खण्डमा विभाजन गरेर अध्ययन गरेका छन्[७२] (१) सामाजिक व्यवस्था, (२) रहनसहन र धार्मिक परम्परा र (३) लोकसाहित्य।

तेजप्रकाश श्रेष्ठले **नेपाली लोकसंस्कृति केही सम्पदा, केही परम्परा** (वि सं २०६०) नामक पुस्तकमा लोक-संस्कृतिलाई विभिन्न खण्डमा वर्गीकरण गरेर निम्नलिखित रूपले अध्ययन गरेका छन्[७३]- (१) जातीय चालचलन, (२) रीतिरिबाज, (३) बोलीबचन, (४) धर्मकर्म, (५) चाडपर्व, (६) खानपान, (७) आस्था, (८) विश्वास, (९) मूर्ति, (१०) कोत-किल्ला, (११) गढ, (१२) चित्र, (१३) अभिलेख, (१५) धार्मिक एवम् ऐतिहासिक स्थल, भग्नावशेष।

दिलकुमार प्रधानले **लोकविश्वास** (सन् २०२०) पुस्तकमा लोक-संस्कृतिलाई छवटा खण्डमा विभाजन गरी त्यसको परिचय दिएका छन्[७४] (१) वस्तुकेन्द्रिक, (२) विश्वास-पुनःश्चरणकेन्द्रिक, (३) खेलकुदकेन्द्रिक, (४) वाक्केन्द्रिक, (५) अङ्गभङ्गीकेन्द्रिक, (६) लेखन वा अयनकेन्द्रिक।

उपर्युक्त नेपाली अध्येताहरूले गरेका वर्गीकरणअनुसार नेपाली लोक-सांस्कृतिक अध्ययनको क्षेत्र

---

[७०] तुलसी दिवस, **नेपाली लोक-संस्कृति-संगोष्ठी**, पूर्ववत्, पृ छ

[७१] तुलसी दिवस, वि सं २०३५, **प्रदर्शनकारी धिमाल लोक-संस्कृति**, काठमाडौं, ने रा प्र प्र, पृ अङ्नकित

[७२] विजय चालिसे, वि सं २०६५, **डोटेली लोक संस्कृति र साहित्य,** दोस्रो संस्करण, ललितपुर, साझा प्रकाशन, पृ अनङ्कित

[७३] तेजप्रकाश श्रेष्ठ, **नेपाली लोकसंस्कृति केही सम्पदा, केही परम्परा**, पूर्ववत्, पृ क

[७४] दिलकुमार प्रधान, **लोकविश्वास**, पूर्ववत्, पृ ९३

व्यापक र समृद्ध रहेको बुझ्न सकिन्छ। यसै परिप्रेक्ष्यमा इन्द्रबहादुर राईका गद्याख्यानमा लोक-सांस्कृतिक अध्ययनको क्षेत्र निर्क्योल गरी त्यससम्बद्ध विषयको अध्ययन गर्नु उपयुक्त हुनेछ।


## २.६ गद्याख्यान विश्लेषणका आधारहरू

संसारका सबै क्षेत्रका समाजको लोक-संस्कृतिमा उल्लेखनीय समानता पाइन्छ। लोकवार्ताविद् स्टिथ थमसनले तयार पारेको 'मोटिफ इन्डेक्स' अनुसार विभिन्न देशका लोक समूहका अनेक तरिकाहरूमा समानताको प्रवृत्ति हुने गर्छ भन्ने बुझिएको छ।[७५] त्यसरी नै लोक अनन्त र लोकजीवन विविध हुनाले संसारका विविध ठाउँमा पाइने लोक-संस्कृतिमा पनि कतै न कतै विभिन्नता रहेकै हुन्छ। ज्ञानेन्द्र सुब्बाका अनुसार त्यसको सङ्कलन, वर्गीकरण र सूचीकरण तथा सामान्यीकरण एवम् निष्कर्षमा पुग्ने आधारहरू भने एउटै रहेको हुन्छ।[७६] इन्द्रबहादुर राईका गद्याख्यानमा लोक-सांस्कृतिक अध्ययनले समेटेका विभिन्न विषयगत क्षेत्रहरू छन्। अध्ययन सुविधाका लागि ती विभिन्न विषयगत क्षेत्रहरूलाई वैज्ञानिक ढङ्गमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ। यसो गरिने क्रममा जर्ज एम फॅस्टर्, वारेन एस वाकर, एरिक जे सनक्विस्ट, वाकिल अहमद, हरद्वारी लाल शर्मा, कृष्णदेव उपाध्याय, तुलसी दिवस, रत्नध्वज जोशीद्वारा प्रतिपादित लोक-सांस्कृतिक अध्ययनको अवधारणालाई आधार गरेर इन्द्रबहादुर राईका मौलिक आख्यानात्मक कृतिहरूको अध्ययन गरिएको छ। यीबाहेक रिचर्ड एम डोर्सन, जवाहारलाल हान्डु, सत्येन्द्र, चूडामणि बन्धुका धारणालाई पनि यथास्थान ग्रहण गरिएको छ। उपर्युक्त अध्येताहरूमध्ये वाकिल अहमदले वर्गीकरण गरेका लोक-सांस्कृतिक अध्ययनका आधार[७७] लाई उपयुक्त मानी त्यसैअनुरूपै इन्द्रबहादुर राईका गद्याख्यानमा लोक-सांस्कृतिक वैशिष्टहरूको अनुशीलन गर्नका निम्ति निम्नलिखित आधारहरू अघि सारिएको छ-

[७५] वाकिल अहमद, १८ जून २०२१, 'फउक् कऽल्चर्', https://en.banglapedia.org/index.php/Folk_Culture, ६, सेप्टेम्बर २०२१

[७६] ज्ञानेन्द्र सुब्बा, सन् २०२०, **दार्जिलिङ पुलबजार खण्डमा पाइने लोकवार्ताको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, उ ब वि, पृ १९


[७७] वाकिल अहमद, सन् १९९८, **बाङ्लार लोक-संस्कृति**, ढाका, बङ्ला अकादमी, पृ १-१२




आरेख चित्र ३

### २.६.१ औपचारिक लोक-संस्कृति (Formalised Folk Culture)

जुन वस्तुलाई छुन र देख्न सकिँदैन तर आस्वादन गर्न सकिन्छ, त्यस्ता अस्पृश्य अमूर्त संस्कृतिभित्र पर्ने विषय औपचारिक लोक-संस्कृति हो। वाकिल अहमदले मौखिक साहित्यका साथसाथै लोककलालाई लोक-संस्कृतिको औपचारिक धाराको हिस्सा मानेका छन्।[७८] यसमा लोकपरम्पराका रूपमा श्रवणका माध्यमले लोकले विकसित गरेर ल्याएका लोकगाथा, लोकगीत, लोककथा, उखान, वाग्धारा, पहेली वा प्रहेलिका (अड्को), लोकभाषाअन्तर्गत हास्य, स्थाननाम, ठेट वा झर्रा शब्द, गाली तथा अपमानसूचक शब्द, गोप्य शब्द, पाल्सी कुरा, साइनोसूचक शब्द, किरिया हालेर कुरा गर्दा प्रयोग गरिने शब्द, व्यक्तिलाई जिस्काउने नाम इत्यादि पर्दछन्। यस अतिरिक्त युगौंदेखि चलिआएका रीतिरिबाजहरू अनुष्ठान तथा लोकसंस्कार, प्रथा, धर्मदर्शन, लोकव्यवसाय, आचार-व्यवहार आदि विषयहरू पर्छन्। अतः इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने सोही औपचारिक लोक-सांस्कृतिक विषयलाई तल दिइएको तालिकाको वर्गीकरणका आधारमा राखेर अध्ययन गर्न सकिन्छ-





रेखा चित्र ४

[७८] वाकिल अहमद, 'फउक् कऽल्चर्', पूर्ववत्, https://en.banglapedia.org/index.php/Folk_Culture

## २.६.२ भौतिक लोक-संस्कृति (Material Folk Culture)

लोकले दैनिक उपयोग गर्ने विभिन्न भौतिक एवम् स्पृश्य सामग्रीहरू यसअन्तर्गत पर्दछन्। चूडामणि बन्धुले भौतिक संस्कृति लोकको मानसिक संस्कृतिभन्दा भिन्न अमानसिक संस्कृति हो भनेका छन्।[७९] यसअन्तर्गत परम्परागत घर-भवन, काष्ठ सज्जा (फर्निचर), परम्परागत भाँडाकुँडा, यातायात (बग्गी, डोली, बैलगाडी), कृषि तथा सिकारसम्बन्धी हातहतियार, लोकवाद्य, वेशभूषा, गरगहना, खाद्यपदार्थ वा परिकार, घरेलु जडीबुटी वा औषधि आदि विषयहरू पर्छन्। यी सामग्रीहरूको निर्माणकलामा कार्यसम्पादनको सीप, तौरतरिका वा युक्ति, कार्यकौशलता आदिमा लोकको सिर्जनात्मक क्षमता प्रकट हुने हुँदा रिचर्ड एम डोर्सनले भौतिक संस्कृतिलाई 'फउक् क्राफ्ट' र 'फउक् आट्' भनी विभाजन गरेर भिन्नाभिन्नै रूपले अर्थ्याएको पाइन्छ।[८०] भाँडाकुँडा, वेशभूषा, गरगहना, खानपान-परिकार अन्य भौतिक साधनहरू मानिसले आफ्नो सुरक्षा र उपयोगिताका निम्ति आर्जन गरेका सभ्यताका द्योतकहरू हुन्। तर कस्ता साधनहरूलाई कसरी उपयोग गर्ने भन्ने कुरा संस्कृतिका रूपमा परिभाषित हुन्छ। यसै परिभाषाका आधारमा स्पृश्य संस्कृति (tangible culture) सँग सम्बन्धित भौतिक सामग्रीलाई सांस्कृतिक सम्पदाका रूपमा अध्ययन गर्न सकिन्छ। कुनै पनि जातिको लोक-संस्कृतिलाई निर्धारण गर्ने आधार तिनको भौतिक संस्कृति नै हुन्छ। हरद्वारी लाल शर्माले भौतिक संस्कृतिबाट लोक-संस्कृति र आभिजात्य संस्कृतिमाझ अन्तर थाहा पाउन सकिन्छ[८१] भनेका छन्। यसै आधारमा इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने भौतिक लोक-संस्कृतिलाई वर्गीकरण गरेर तलका तालिकाअनुसार अध्ययन गर्न सकिन्छ-




आरेख चित्र ५

[७९] चूडामणि बन्धु, **लोकसाहित्य**, पूर्ववत्, पृ १६

[८०] रिचार्ड एम डोर्सन, **फउक्लॅःर् आयन्ड् फउक्लाइफ स्टऽडि**, पूर्ववत्, पृ २५३

[८१] हरद्वारी लाल शर्मा, सन् १९९०, **लोक-वार्ता विज्ञान**, खण्ड दुई, लखनऊ, उत्तर प्रदेश हिंदी संस्थान, पृ ९५३

### २.६.३ प्रदर्शनात्मक लोक-संस्कृति (Performing Folk Culture)


कुनै कलाकार, वक्ता वा प्रस्तोताले आफ्नो कला र शिल्पद्वारा परम्परागत वा लोक प्रचलित वा सामाजिक विषयवस्तुलाई कलात्मक ढङ्गले श्रोता वा दर्शकहरू माझ प्रस्तुत गर्दछ भने त्यस्तो कलालाई प्रदर्शनकारी कला भनिन्छ।[८२] रिचर्ड एम डोर्सन र भारतीय लोकवार्ताविद् जवाहरलाल हान्डुले यस्ता कलालाई 'पर्फःमिङ् फउक् आट्' भनेका छन्।[८३] प्रदर्शनकला अन्तर्गत गायन, नृत्य, नाटक-अभिनयका माध्यमद्वारा प्रस्तुत जात्रा, लोकनाच, झाँक्री नाच, लोकखेल, लोकोत्सव, घरद्वार, देवालय आदिको वास्तुकला, भाँडाकुँडा, ढुङ्गा, देवालय आदिमा अङ्कित चित्रकला, विभिन्न धार्मिक-सांस्कृतिक उत्सव आदि पर्छन्। साथै लोकजीवनले अवलम्बन गर्दै, सिक्दै, सिकाउँदै र आवश्यकताअनुसार परिमार्जन समेत गर्दै आएका हुनाले सामाजिक र राजनीतिक जीवन प्रदर्शनलाई पनि लोक-संस्कृतिको अंश मान्न सकिन्छ। उमाशंकर यादवका अनुसार 'कुनै पनि देश वा राष्ट्रको राजनीतिक, आर्थिक निर्णयसँग संस्कृतिको सम्बन्ध हुँदैन तर त्यस निर्णयको आधारशीला लोक हुन्छ।'[८४] यसर्थ राजनीतिक, आर्थिक र सामाजिक विषयसँग लोकजीवनको प्रत्यक्ष सम्बन्ध रहेकाले सामाजिक र राजनीतिक विषयलाई यस विधाअन्तर्गत राखेर अध्ययन गर्न उचित ठानिएको छ। अतः इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने प्रदर्शनात्मक लोक-संस्कृतिलाई तल दिएको तालिकामा राखेर अध्ययन गर्न सकिन्छ-

---

[८२] मोतीलाल पराजुली, वि सं २०७१, 'प्रदर्शनकारी कला', दुर्गा राई 'चामलिङ' (सम्पा), **ब्रह्मपुत्र**, वर्ष १९, अङ्क ७, काठमाडौं, भारतीय विद्यार्थी सङ्घ, पृ १४

[८३] जवाहरलाल हान्डु, सन् २०००, **थिअरेटिक्अल् एसेइ इन् इन्डिअन् फउक्लॅःर्**, मैसूर, जोनी पब्लिकेइश्अन्स्, पृ १२-१८

[८४] उमाशंकर यादव, सन् २०१३, **रीतिमुक्त काव्यधारा में अभिव्यक्त लोक-संस्कृति**, अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, जौनपुर, वीर बहादुर सिंह पूर्वाञ्चल विश्वविद्यालय, पृ १-४३




रेखा चित्र ६

### २.६.४ कार्यात्मक लोक-संस्कृति (Functional Folk Culture)

कार्यात्मक लोक-संस्कृतिमा जीविकोपार्जनमूलक अमूर्त संस्कृतिहरू पर्दछन्। अर्थात् यसमा भौतिक वस्तुहरूको माध्यमले उत्पादित विविध सजावटी कला तथा सिर्जनात्मक कार्य वा सीप पर्छन्। ग्रामीण लोकजीवनमा आफ्नो आवश्यक सामानहरू सोझै आफैले उत्पादन गर्ने गर्छन्, जसलाई शिल्प उद्योग भन्न सकिन्छ। सिलाइ, बुनाइ, बुट्टा भराइ, कुँदाइ आदि लोकले आफूले जानेको शिल्पको प्रदर्शन यसै माध्यमले प्रस्तुत गर्ने भएकाले सौन्दर्य र कार्यात्मक देखिन्छन्। यसमा विविध हस्तकला, कुमालेद्वारा उत्पादित माटाका भाँडाकुँडा, सिकर्मीद्वारा उत्पादित काष्ठकला तथा फर्निचर, लोहार/सुनारद्वारा उत्पादित विभिन्न किसिमका फलामे औजारहरू र विविध धातुका गरगहनाहरूमा देखिने शिल्पसौन्दर्य पर्छन्। यो एक दृष्टिले डोर्सनले भनेको 'फउक् क्राफ्ट' नै हो। वाकिल अहमदका भनाइमा पनि कार्यात्मक लोक-संस्कृति लोककलाका विभिन्न प्रकार हो जसअन्तर्गत लोकद्वारा उत्पादित हस्तशिल्प पर्दछन्। नारी तथा पुरुषद्वारा उत्पादित त्यस्ता हस्तकौशलहरू कि भक्ति वा धार्मिक उद्देश्यका लागि कि सौन्दर्यसम्बन्धी आवश्यकता पूरा गर्नका लागि तयार पारिन्छन् भनिएको छ। वास्तवमा यसअन्तर्गत पर्ने लोककलालाई व्यावहारिक कला

(applied arts) सीप र कलाको ज्ञान र प्रविधिका रूपमा राख्न सकिन्छ। यसमा मानिसले जीविकोपार्जनका लागि तयार गरेको प्रविधि, तिनबाट उत्पादित वस्तु र त्यसक्रममा विकसित ज्ञान, प्रविधि र शिल्प पर्दछन्। इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने कार्यात्मक अमूर्त लोक-संस्कृतिलाई हस्तकौशलका दृष्टिले व्यावहारिक लोककला र प्रविधिका रूपमा अध्ययन गर्न सकिन्छ-

| **कार्यात्मक लोक-संस्कृति** | | | | | |
|---|---|---|---|---|---|
| सिकर्मीद्वारा उत्पादित | कुमाले/डकर्मीद्वारा उत्पादित | सुनारद्वारा उत्पादित | लोहार/ठटेरोद्वारा उत्पादित | बासकर्मी/अन्यद्वारा उत्पादित | मूर्तिकारद्वारा उत्पादित |
| ▪ हर्पे<br>▪ पिरा<br>▪ चौकी<br>▪ तोकमाङ<br>▪ टेबल<br>▪ दराज<br>▪ खोन्द्रे<br>▪ ढिकी<br>▪ हलो<br>▪ पानस<br>▪ फिर्के<br>▪ सन्दुक<br>▪ पलङ्ग | ▪ हाँडी<br>▪ फूलदान<br>▪ माटोको गाग्रो<br>▪ जांतो<br>▪ लोहोरो<br>▪ सिलौटो | ▪ चेप्टे सुन<br>▪ चुरा<br>▪ टप<br>▪ कल्ली<br>▪ च्याप्टेबाई<br>▪ ढुङ्ग्री<br>▪ नौगाँठेरुपा<br>▪ मुन्द्री<br>▪ फुली<br>▪ हारी<br>▪ चाँदतोडा<br>▪ सिक्री | ▪ खुकुरी<br>▪ चिम्टा<br>▪ हँसिया<br>▪ कुटे<br>▪ फरुवा<br>▪ ओदान<br>▪ काँटा<br>▪ कलश<br>▪ आम्खोरा<br>▪ झर्के थाल<br>▪ लोटा<br>▪ माना<br>▪ नेपालीबटुको | ▪ नाङ्लो<br>▪ डोको<br>▪ घुम<br>▪ पेरुङ्गो<br>▪ थुन्चे<br>▪ खोंगी<br>▪ कोक्रो<br>▪ टपरी<br>▪ नाम्लो<br>▪ राडी<br>▪ कालिम्पोङे झोला<br>▪ दरी<br>▪ बर्मेली झोला | ▪ सालिक<br>▪ (सुन्तला<br>▪ केरा<br>▪ अम्बक खेलौना) |

तालिका ७

## २.७ निष्कर्ष

यसरी लोक-सांस्कृतिक अध्ययनको ढाँचा र गद्याख्यान विश्लेषणका आधारहरू निर्माण भइसकेपछि तत्सम्बन्धी सैद्धान्तिक कुराहरूलाई बुँदागत रूपमा निम्नानुसार समेट्न सकिन्छ-

- जॅन् डब्अल्यू थउमस्ले सन् १८४६ मा प्रचलनमा ल्याएको 'फउक्लॅःर्'-को पर्यायका रूपमा प्रचलित शब्दहरूको सम्बन्धमा भारतीय साहित्यमा मतैक्य रहेको पाइँदैन। यसैले 'फउक्लॅःर्'-लाई लोकवार्ता, लोक-संस्कृति -जस्ता विभिन्न पर्याय शब्दहरू प्रयोग गर्दै आएका छन्। लोकवार्ताले समेट्ने विविध विषयहरू नै लोक-संस्कृतिले अँगाल्ने भए पनि लोकवार्ताले ज्ञानको क्षेत्रमा पर्ने लोकपरम्पराका समस्त विषयलाई अँगाल्छन् भने लोक-संस्कृतिले परिष्कृत र परिशोधित लोकपरम्पराका यावत् कुरालाई मात्र समेट्छन्। अतः लोकवार्ताअन्तर्गत लोक-संस्कृतिलाई पनि समेट्न सकिन्छ।

- उपर्युक्त विभिन्न विवादित पक्षको चर्चापछि के निष्कर्षमा पुग्न सकिन्छ भने लोकले जीवन सञ्चालन गर्ने क्रममा परापूर्वदेखि परम्परित पद्धतिद्वारा आविष्कार र विकास गरेर ल्याएका भौतिक र अभौतिक प्रकारका वस्तुको परिशोधित र संस्कृत मानव व्यवहारोपयोगी र जीवनसम्मत विधा लोक-संस्कृति हो अर्थात्, लोक-संस्कृति हरेक जाति, भूगोलका समुदायको जीवनसञ्चालन पद्धति हो।

- संस्कृति शब्दको अघि लोक विशेषण जोडेर बनेको लोक-संस्कृति शब्दले लोकले सिकेको र ग्रहण गरेको लोकाचार, लोकरीतिरिबाज, प्रथा, रहनसहन, बोलीवचन, चाडपर्व, परम्परागत भाँडाकुँडा, गरगहना आदिले यिनै मूल्य मान्यता, विश्वास तथा जीवनपद्धति र लोकपरम्पराको परिष्कृत स्वरूपलाई बुझाउँछ। यही विषयहरू नै लोक-सांस्कृतिक अध्ययनका क्षेत्रहरू हुन्।

- लोक-संस्कृति अङ्ग्रेजी 'फउक् कऽल्चर्'-को समानार्थक शब्द हो। 'फउक्'-को अर्थ जनसाधारण, सरल, ग्रामीण र सामान्य जनता हुन्छ। यसैको पर्याय शब्द लोक हो तर लोक भन्नाले निश्चित गाउँ, सहरमा बसोवास गर्ने समान परम्परा, भाषा, संस्कृति, व्यवसाय आदि कुनै एउटा माध्यमले एक सूत्रमा रही बाँच्दै आएका मानिसहरूको समूहलाई बुझाउँछ। तिनै लोक समुदायका विभिन्न जीवनशैली र परम्परागत दैनन्दिन व्यवहार 'कऽल्चर्' हो। यस प्रकार फउक् र कऽल्चर् शब्दको योगबाट बनेको फउक् कऽल्चर्ले प्रत्येक जाति र भूगोलका समुदायको लोकजीवन सञ्चालनको पद्धति विशेषलाई बुझाउँछ।

- सबै जातजातिका लोक-संस्कृति बेग्लाबेग्लै र भिन्न हुन्छन्। यसो भए पनि अनेकतामा विस्तारित

संस्कृतिलाई राष्ट्रिय संस्कृतिको स्वरूप दिने काम लोक-संस्कृतिले गर्छ। लोक-संस्कृतिले कुनै पनि समुदाय, जाति र राष्ट्रको चिनारीलाई प्रस्तुत गर्छ। त्यसैले राष्ट्रिय उन्नति र चिनारीमा लोक-संस्कृतिको उच्च र विशिष्ट महत्त्व रहेको छ। लोक-संस्कृतिलाई विश्व जननी, समन्वयकारी विचार धारा, सत्यको परिपूरक, भिन्नतामा एकता हो भन्न सकिन्छ।

- संस्कृति संस्कारबाट विकसित भएको परिनिष्ठित रूप हो। मानिसका रचनात्मक क्रियाकलाप, आचारविचार, मूल्य मान्यता आदि संस्कारित भएर संस्कृति बन्दछ। त्यसै हाँगाबाट एउटा मानक र अर्को लोक-संस्कृति दुईवटा हाँगामा छुट्टिन्छन्। मानक संस्कृतिले संस्कारको एकरूपता बोध गर्छ भने लोक-संस्कृतिले संस्कारका विविधता र सहजतालाई बुझाउँछ। संस्कार र संस्कृतिझैं संस्कृति र सभ्यतामा पनि नङमासुको सम्बन्ध रहेको पाइन्छ। संस्कृतिलाई आत्मा र सभ्यतालाई यसको शरीर मानिन्छ।
- पूर्वीय लोकजीवनमा आदिकालदेखि दुईवटा सांस्कृतिक धारा विद्यमान रहेको पाइन्छ, जसलाई लोक-सांस्कृतिक धारा र शिष्ट सांस्कृतिक धारा भनिन्छ। उक्त संस्कृतिबिच अन्तरहरू हुँदाहुँदै पनि दुवैबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ।
- लोक-संस्कृति र लोकप्रिय संस्कृतिबिचमा आन्तरिक र बाह्य भेदहरू रहेको पाइन्छ। लोकप्रिय संस्कृति विज्ञानको विकास, शिक्षाको प्रसार, लोकतन्त्रको उदय, श्रमिकवर्गका उत्थानमा विश्वास गर्ने वैचारिक अवधारणा हो। यसले विज्ञापन, उपभोग, कृतिम र सस्तो मनोरञ्जनलाई प्राथमिकता दिन्छ। लोक-संस्कृति मानवीय सामाजिक अनुभवको सिर्जनात्मक रूपान्तरण एवम् नैसर्गिक जीवनमूल्य र सार्वकालिक मानव मूल्यमा विश्वास गर्ने सामूहिक सांस्कृतिक रूप हो। लोक-संस्कृतिको विशेषता लोक मङ्गल हो भने वैयक्तिक स्वार्थ लोकप्रिय संस्कृतिको प्रवृत्ति हो।
- त्यस्तै लोक-संस्कृति र सांस्कृतिक अध्ययन पनि भिन्नाभिन्नै प्राज्ञिक अनुशासनका शाखा हुन् तापनि दुवैको अध्ययनको विषय संस्कृति नै हो। सांस्कृतिक अध्ययनले शिष्ट र अशिष्ट, ग्रामीण र सहरी, उच्च संस्कृति र निम्न संस्कृतिको कुनै विभेद नगरी लिङ्ग, जाति र वर्गको अध्ययनमा केन्द्रित भई सांस्कृतिक व्यवहार र तिनको शक्तिको सम्बन्धलाई केलाउने काम गर्छ भने लोक-संस्कृतिमा पूर्व-औद्योगिक लोकजीवन पद्धति र तिनको परम्परित संस्कार र संस्कृतिमा केन्द्रित हुन्छ।